कर्पोरेट Times
सबल अर्थतन्त्रको साझा विचार
Corporate Times Weekly
साप्ताहिक

❑ वर्ष: २ ❑ अंक: ४ ❑ २५ साउन २०८२, आइतबार ❑ 10 August 2025, Sunday ❑ corporatetimes.com.np ❑ पृष्ठ: ८ ❑ मुल्य रु: २०/-

# चौधरी र गोल्छाको ३ दशक अगाडिको व्यक्तिगत इगो ‘जुँगाको लडाइ’मा नेपाली अटोमोबाइल क्षेत्र

## हप्तादिनको फरकमा २ अटो शो

चेत नारायण पाण्डेय/ काठमाडौं

कुनै समय थियो दशैको पूर्व सन्ध्यामा नेपाली अटो व्यवसायमा नयाँ तरङ्ग आउने गर्थ्यो। दशैको मुखैमा लाखौंको छुटमा नेपाली ग्राहकहरूले नयाँ सवारी खरिद गरेका थिए। तर दसैं सुरु हुन करिब डेढ महिना पहिले नै यसपालि काठमाडौंको भृकुटी मण्डपमा अटो शो संचानमा रहेको छ। न त ग्राहकको आकर्षण न त व्यवसायको उधम कारोबारका बिच चलिरहेको बुधवार (साउन २१ गते)बाट नेपाल अटो मोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चर्स एशोसिएसन (नाइमा)को आयोजनामा ‘नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२५’ केही व्यावसायिक घरानाको इगो ‘जुँगाको लडाइ’मा संस्थागत विभाजन नै भएर संचालन भएको छ। आज सकिन लागेको यो मोबिलिटी एक्स्पो यस अधिसम्म एउटै अटो शो हुने गरेकोमा नाडा अटो मोबाइल एसोसिएसन नेपाल (नाडा) बाट छुट्टिएपछि पहिलो पटक नाइमा मोबिलिटी एक्स्पो आयोजना भएको हो।

अबको दश दिनमा फेरि नाडा अटो मोबाइल एसोसिएसन नेपाल (नाडा)को आयोजनमा यही स्थानमा आटो शो सुरु हुनेछ। कार्यगत एकता गरे पनि व्यावसायिक एकता कायम गर्न नसकेका यी दुवै संस्थाको संस्थागत प्रतिस्पर्धा मात्रै नभएर यिनका संचालक वा व्यावसायिक घराना बिचको हो। नेपालका एक मात्र फोब्समा पर्न सफल व्यवसायी विनोद चौधरीको चौधरी ग्रुप र शेखर गोल्छाको गोल्छा ग्रुप, ज्योति समूहको विभाजन पछि बनेको पद्म ज्योतिका छोरा सौरभले नेतृत्व गरेको पद्म ज्योति ग्रुप तथा सुरज वैद्यले नेतृत्व गरेको वैद्य अर्गनाइजेनको हो। चौधरी समूहले संचालन गरेको सिजी मोर्टस् ऋपले नेपालमा सुजुकी कम्पनीका सवारी साधन विक्री गर्छ भने यो व्यवसाय समालेका छन् विनोदका भाइ वसन्त चौधरीका छोरा करण चौधरीले। हाल करण नाडाका अध्यक्ष हुन। त्यस्तै अर्को संस्था नाइमाको नेतृत्वमा भएकी रितु सिंह वैद्य भने सुरज वैद्यकी कान्छी पत्नी हुन्। (बाँकी पृष्ठ ४ मा)





## नेपालमै आयो उड्ने कार

अब नेपालमा पनि उड्ने कार भित्रिएको छ। पहिलो पटक नेपाली बजारमा विद्युतीय उडान सवारीसाधनले इतिहास रच्ने भएको छ। नाडा अटो सो २०२५ मा प्रदर्शन गर्ने उद्देश्यले उड्ने कार नेपाल ल्याइएको हो। भदौ ३ देखि ८ सम्म काठमाडौंको भृकुटीमण्डपको प्रदर्शनी स्थलमा नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले आयोजना गर्ने उक्त शोमा उड्ने कार राखिने भइएको छ। भविष्यको सहरी हवाई मोबिलिटीको पहिलो झलक स्वरूप दीपल ईभीटीओएल यूएभी नामक उड्ने कार प्रदर्शनीमा राखिने भएको हो। प्रदर्शनीमा पुगेर जो कोहीले कार अवलोकन गर्न पाउने छन्। शोमा जान इच्छुकले खल्ती एपमार्फत टिकटको अग्रिम खरिद गर्न सकिने व्यवस्था गरिएको छ।

दीपल ईभी ब्रान्डको आधिकारिक वितरक एमएडब्लू वृद्धि अटो कर्प प्रालिले नेपालमा पहिलो उड्ने कारलाई प्रदर्शनीमा राख्ने भएको हो। नाडा टाइटल स्पोन्सरमा रहेको एमएडब्लूले भविष्यको सहरी हवाई मोबिलिटीको पहिलो झलक स्वरूप दीपल ईभीटीओएल यूएभी नामक उड्ने कारलाई रोमाञ्चक तरिकाले प्रस्तुत गर्न लागेको कम्पनीका प्रतिनिधि विवेक शिकारियाले बताए। (बाँकी पृष्ठ ४ मा)

## चालु आर्थिक वर्षको अन्त्यसम्ममा मुलुकको सार्वजनिक ऋण २९ खर्ब ४२ अर्ब पुग्ने




काठमाडौं। चालु आर्थिक वर्षको अन्त्यसम्ममा मुलुकको सार्वजनिक ऋण २९ खर्ब ४२ अर्ब पुग्ने भएको छ। सार्वजनकि ऋण व्यवस्थापन कार्यालयकाअनुसार आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्ममा कुल सार्वजनिक ऋणमा आन्तरिक ऋण र वैदेशिक ऋणको हिस्सा क्रमशः ४६ दशमलव ८५ प्रतिशत र ५३ दशमलव १५ प्रतिशत पुग्नेछ।

आन्तरिक ऋणको उपकरणमध्ये ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक वचतपत्र, वैदेशिक रोजगार वचतपत्र र आइ.एम.एफ बण्डको मौज्दात कुल ऋणको हिस्सा क्रमशः १२ दशमलव २ प्रतिशत, ३३ दशमलव ९८ प्रतिशत, ० दशमलव ४९ प्रतिशत, ० दशमलव ०४ प्रतिशत र ० दशमलव १३ प्रतिशत रहने अनुमान गरिएको छ। चालु आवमा आर्थिक वर्षमा ट्रेजरी बिल बाहेक अन्य आन्तरिक ऋणका उपकरणहरूमा वृद्धि हुने आँकलन गरिएको छ।

गत आर्थिक वर्ष २०८१/८२ मा २ खर्ब ३१ अर्ब ८ करोड रुपैयाँ सार्वजनिक ऋण थपिएको थियो। यो सँगै कुल सार्वजनिक ऋण २६ खर्ब ६० अर्ब रुपैयाँ पुगेको थियो। २०८१ असारसम्म सरकारले तिर्न बाँकी सार्वजनिक ऋण २४ खर्ब ३८ अर्ब ४८ करोड रुपैयाँ थियो। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार कुल गार्हस्थ्य उत्पादन (जिडीपी) मा ऋणको अनुपात भने चालु आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा ४३.०८ प्रतिशत हाराहारीमा रहने अनुमान छ। २०८२/८३ को प्रारम्भमा कुल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋण र वैदेशिक ऋण क्रमशः २०.७५ प्रतिशत र (बाँकी पृष्ठ ४ मा)

## कर्णालीका किसानलाई कृषिमा ब्याज अनुदान




सुर्खेत। कर्णाली प्रदेश सरकारले यहाँका किसानलाई ब्याज अनुदान उपलब्ध गराइरहेको छ। त्यसको लाभ किसानहरूले प्राप्त गरिरहेका छन्। आर्थिक वर्ष २०८१/८२ मा ब्याज अनुदान कार्यक्रमबाट कर्णालीका ८ सय बढी किसानले लाभ प्राप्त गरेका छन्। सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव परशुराम रावतका अनुसार ६ बैंकमार्फत ५ सय ३५ कृषि व्यवसायी र १० सहकारीमार्फत ३ सय ५० कृषकले ब्याज अनुदानको लाभ पाएका छन्। सचिव रावतका अनुसार कर्णालीका बैंक तथा सहकारीले कृषि क्षेत्रमा करिब १ अर्ब ४४ करोड रुपैयाँ लगानी परिचालन गरेका छन्।

कर्णालीमा प्रांगारिक कृषि उत्पादन तथा प्रमाणीकरणको काम भइरहेको छ। त्यसअन्तर्गत कर्णालीले वार्षिक ३ सय ६५ टन सुकाएको अदुवा तथा बेसार जर्मनी निर्यात गर्छ। कर्णालीका दुई हजार कृषक प्रांगारिक प्रमाणीकरणमा आबद्ध रहेको सचिव रावतले बताए। मन्त्रालयले गत वर्ष ७ सय ४७ साना सिँचाइ योजना कार्यान्वयन गरी थप २ हजार १ सय ४२ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याएको जनाएको छ। सचिव रावत भन्छन्, ‘थप ९ सय हेक्टरमा सिँचाइ सुविधा विस्तार भएको छ।’ साना सिँचाइ आयोजनाबाट यहाँका १६ हजार २ सय घरधुरी लाभान्वित भई १ लाख २५ हजार दिनबराबरको रोजगारी सिर्जना भएको मन्त्रालयका सचिव रावतले बताए।

यस्तै, कृषि तथा व्यवसाय प्रवर्द्धन कार्यक्रममार्फत सुन्तलाका २० हजार १ सय, कागतीका १५ हजार ४ सय, ओखरको ५ हजार र स्याउको एक हजार बोट स्याउका बिरुवा रोपिएको छ। त्यसमार्फत २ हजार ८ सय घरपरिवार लाभान्वित भएका मन्त्रालयले जनाएको छ। योसँगै कर्णालीमा सुन्तलाको ७० हजार, कागतीको २४ हेक्टर, ओखरको ४० हेक्टर र स्याउको ५ हेक्टर थप क्षेत्रफल विस्तार (बाँकी पृष्ठ ४ मा)

**कर्पोरेट टाइम्स साप्ताहिकका लागि**

प्रधान-सम्पादक/प्रकाशक: चेत नारायण पाण्डेय
Editor-In CheifPublisher: Chet narayan Pandey

सम्पादक: गोविन्द देवकोटा
Editor: Govinda Devkota

सह-सम्पादक: दिपक पौडेल
Co-Editor: Dipak Poudel

व्यवस्थापक: राजन न्यौपाने
Manager: Rajan Neupane

संवाददाता: जेपी लम्साल, नरेन्द्र चालिसे, धर्मेन्द्र पाण्डे, प्रविण रिजाल, निराजन परियार, डिल्ली शाही

लेआउट: कर्पोरेट टाइम्स डेस्क

मुद्रण: सप्तर्षि पब्लिकेशन प्रा. लि, चावहिल

कार्यालय: जोरपाटी, काठमाडौं ।
शाखा कार्यालय: ठमेल, काठमाडौं ।
फोन: ९७०६२४७४००
इमेल: corporatetimes0@gmail.com

**सम्पादकीय**

# तरलता र वैदेशिक ऋणको विरोधाभासमा विकास

*नेपालको मौजुदा आर्थिक संरचना एउटा गम्भीर विरोधाभासबीच उभिएको छ। एकातिर, देशभित्र बैंकिङ प्रणालीमा प्रशस्त तरलता देखिएको छ–निक्षेप बढ्दो क्रममा छन्, आन्तरिक ऋणको ब्याजदर ऐतिहासिक रूपमै घटेको छ। तर अर्कोतर्फ, सरकार र सम्बन्धित निकायहरू अझै पनि महँगो दरमा वैदेशिक ऋण लिन बाध्य छन्। यस्तो अवस्थाले नेपालको वित्तीय नीति, स्रोत व्यवस्थापन, र लगानी रणनीतिमा गहिरो प्रश्न उठाउँछ। नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्म वाणिज्य बैंकहरूसहित सबै वित्तीय संस्थामा जम्मा निक्षेप ५ खर्ब रुपैयाँ नाघिसकेको छ। कर्जाको माग भने त्यस्तो गतिशील छैन। त्यसैले बैंकहरूमा 'ओभरनाइट' लिक्विडिटी बढ्दो छ। यो तरलता बैंकहरूमै थन्किरहँदा सात दिनको इण्टरबैंक ब्याजदर १ प्रतिशतभन्दा तल झरेको छ। यो तथ्य सस्तो पूँजीको उपलब्धता देखाउने संकेत हो। तर यो सस्तो पूँजी अर्थतन्त्रमा उत्पादनशील क्षेत्रमा प्रवाहित भइरहेको छैन। कृषि, उद्योग, पर्यटन वा निर्यातमुखी क्षेत्रमा लगानीको गति सुस्त छ। निजी क्षेत्र कर्जा लिन हिच्किचाइरहेको छ भने सार्वजनिक खर्च पनि योजना अनुसार खर्च हुन सकेको छैन। यस्तो अवस्थामा बैंकमा पैसा थन्किए पनि आर्थिक गतिविधि चलायमान बन्न सक्दैन।*

*यता, सरकार तथा अन्य निकायहरू विकास खर्च र पूर्वाधार निर्माणका लागि वैदेशिक ऋण लिइरहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा नेपालले झन्डै २ खर्ब रुपैयाँ बराबरको वैदेशिक ऋण सम्झौता गरेको छ। ती मध्ये धेरैजसो ऋण ४-५ प्रतिशत ब्याजदरमा रहेको छ, जुन अघिल्लो दशकको १-२ प्रतिशत सहुलियत ऋणको तुलनामा दोब्बरभन्दा महँगो हो। यसले आगामी वर्षहरूमा ऋण सेवा लागत थप बढाउनेछ। यो परिदृश्यले देखाउँछ–नेपालले आन्तरिक पूँजीको प्रभावकारी उपयोग गर्न सकेको छैन। देशभित्र सस्तो पैसा छ, तर त्यो अर्थतन्त्रमा सक्रिय हुन सकेको छैन। त्यसैले विदेशबाट महँगो ऋण लिन बाध्यता छ। यस्तो विरोधाभासले अर्थतन्त्रमा दीर्घकालीन असन्तुलनको संकेत दिन्छ।*

*अर्कोतर्फ, निर्यात क्षमतामा उल्लेखनीय सुधार नआएकाले वैदेशिक मुद्रा आर्जन क्षमता पनि कमजोर रहँदै आएको छ। नेपाल राष्ट्र बैंकका अनुसार हाल देशको विदेशी मुद्रा सञ्चिति करिब १२ अर्ब अमेरिकी डलरको हाराहारीमा छ, जसले ९.५ महिनाको आयात धान्न सक्छ। तर आयातमुखी अर्थतन्त्रमा, यस्तो सञ्चिति दीर्घकालीन सुरक्षा ग्यारेन्टी गर्न पर्याप्त मानिँदैन। यस्तो अवस्थामा अब नीति निर्माताहरूले स्पष्ट प्राथमिकता तय गर्नुपर्छ। पहिलो, आन्तरिक तरलतालाई लक्षित रूपमा उत्पादनशील क्षेत्रमा प्रवाह गराउने नीति बनाइनुपर्छ। ऊर्जा, कृषि, लघु तथा घरेलु उद्योग, पर्यटनजस्ता क्षेत्रमा लगानी प्रवाह हुन सके, रोजगारी सिर्जना, मूल्यवृद्धि नियन्त्रण र वैदेशिक मुद्रा आम्दानी सम्भव छ। दोश्रो, वैदेशिक ऋण प्रयोगको प्राथमिकता पुनःपरिभाषित गर्नुपर्छ। त्यस्ता परियोजनामा मात्र ऋण लगानी गरिनुपर्छ, जसबाट प्रत्यक्ष आर्थिक प्रतिफल आउँछ। साथै, परियोजना कार्यान्वयनमा देखिने ढिलाइ, लागत बढ्ने प्रवृत्ति र कमजोर अनुगमन प्रणालीलाई सुधार नगरी महँगो ऋण लिने अभ्यासले अर्थतन्त्रमा थप बोझ मात्र सिर्जना गर्छ। समग्रमा, आन्तरिक स्रोतको प्रभावकारी उपयोग र वैदेशिक ऋणप्रतिको विवेकपूर्ण निर्भरता आर्थिक स्थायित्वका अनिवार्य शर्त हुन्।*

*आजको परिस्थिति यस्तै रहिरह्यो भने भोलि आन्तरिक बजारमा निष्क्रिय पूँजी बसिरहँदा बाह्य बजारमा महँगो ऋण तिर्नुपर्ने विडम्बनाले देशलाई वित्तीय संकटतर्फ लैजान सक्छ। यस्तो स्थितिमा समयमै स्पष्ट नीति र रणनीति निर्माण गरी स्रोत उपयोगलाई लक्ष्यमुखी बनाउन सके मात्र अर्थतन्त्रलाई स्थायित्वतर्फ डोर्याउन सकिन्छ।*

# स्थानीय तहमा सुशासन कसरी ?


गोपीनाथ मैनाली

आर्थिक बेथिति र साधनको अपव्ययका आरोप खेपिरहेका पालिकाहरूले उत्कृष्ट कामका लागि पनि प्रतिस्पर्धा गरिरहेका छन् । केही स्थानीय सरकार जनभावना अनुरूप बजेट कार्यक्रमको निर्माण र कार्यान्वयनमा अब्बल देखिएका छन् । वित्तीय कारोबारको मापन तथा विश्लेषणबाट आर्थिक अनुशासनको लेखाजोखा गर्न संवैधानिक अधिकार पाएको सर्वोच्च लेखा परीक्षण निकाय महालेखा परीक्षकको ६२ औं प्रतिवेदनले काभ्रेपलान्चोकको महाभारत गाउँपालिका शून्य बेरुजुमा देखिएको छ ।

महाभारत गाउँपालिकाले विगत केही वर्षदेखि वित्तीय अब्बलपन देखाइरहेको छ । महाभारत पालिकालाई ताप्लेजुङको पाथीभरा याङमारक, धादिङको बेनीघाटा रोराङ र ललितपुरको कोन्जोसोमले पछ्याइरहेका छन् । यी सबै पालिकाहरू तुलनात्मक रूपमा दुर्गम भूगोलमा रहेका छन्, भौगोलिक जटिलता र विपद्का दृष्टिले संकटापन्न पनि छन् । यी गाउँपालिकाको वित्तीय अनुशासनले अन्य पालिका र प्रदेश एवम् संघीय सरकारलाई पनि प्रदर्शन प्रभाव पारिरहेका छन् ।

हुन त बेरुजु शून्य हुनुमात्र वित्तीय सुशासनको सूचक होइन तर यो एउटा महत्त्वपूर्ण सूचक चाहिँ हो । वित्तीय अनुशासनलाई अन्य आयामबाट पनि हेर्नुपर्ने हुन्छ । बजेट कार्यक्रमको सबलपन, नागरिक बजेटिङ, विनियोजन कुशलता र न्याय, नगद व्यवस्थापन, वित्तीय प्रतिवेदन, सम्पत्ति व्यवस्थापन, राजस्व परिचालन, कोषको स्थायित्व र नतिजा व्यवस्थापनजस्ता सूचकहरूबाट स्थानीय सरकारको वित्तीय व्यवस्थापनको मूल्यांकन गर्नुपर्ने हुन्छ ।

कतिपय पालिकाले कानुनले तोकेको मितिभित्र बजेट कार्यक्रमसमेत प्रस्तुत गर्न नसक्दा अन्य कार्य कसरी प्रभावकारी होला भन्ने स्वाभाविक प्रश्न उठ्छ । समयमा बजेट प्रस्तुत नगर्नु कानुन र राजनैतिक आधारमामात्र होइन, संवैधानिक आधार र संघीयताका दृष्टिमा समेत अनुचित हो ।

स्थानीय सरकार सबैभन्दा नजिकका नागरिक संस्था भएकाले स्थानीय आवश्यकता संवोधन र सम्भावना उपयोग गरी नागरिकको मन जित्ने दायित्व पनि उनीहरूकै हो । त्यसैले बेरुजु शून्य भएरमात्र पुग्दैन, समयमा बजेट आएरमात्र पनि पुग्दैन, यी प्राविधिक कुराका अतिरिक्त जनताको विश्वास जित्न सक्नुपर्छ । स्थानीय तहमा अतिरिक्त अवसर सिर्जना गरेर जनताको विश्वासको धरोहर बन्न सक्नुपर्छ । यसका आधारमा जनताले स्थानीय सरकारको मूल्यांकन गर्दछन् ।

स्थानीय सरकारमा आर्थिक अनुशासन कायम गर्न प्राविधिक आधारशिलाका रूपमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) स्थापना गरिएको छ । जसले बजेट प्रस्ताव, खर्च लेखांकन, राजस्व, धरौटी, विभाज्य कोष, प्रतिवदनलगायतका वित्तीय कारोबारसम्बन्धी क्रियाकलापलाई समेट्छ । यसले राजस्व तथा खर्चको अनुगमन व्यवस्थित गर्न सघाउँछ र भनिएको समयमा वित्तीय आँकडा प्राप्त गर्न सकिने भएकोले रकमान्तर, कार्यक्रम संशोधनजस्ता वित्तीय निर्णयलाई पनि सघाउँछ ।

तर पालिकाहरूको वित्तीय कारोबार विश्लेषण गर्दा बजेट प्रस्तावमात्र विनियोजनका सिद्धान्तअनुसार नभएका होइनन् कि अबण्डामा रकम राख्ने, सञ्चित कोषमा जिम्मेवारी नसार्ने, रकमान्तर गर्ने, वर्षान्तमा धेरै खर्च गर्ने, खर्च गर्दा प्रक्रिया र खर्च मानक पूरा नगर्ने, विभाज्य कोष र धरौटीको हिसाब वास्तविक नहुने, अनुदान सहायताको हिसाब राम्ररी नराख्ने, आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखा परीक्षण नहुनेजस्ता स्थिति देखिएका छन् । शून्य बेरुजु भएको महाभारत गाउँपालिकाका प्रमुख कान्छाराम जिम्बाका अनुसार आर्थिक अनुशासन कायम गर्न ठूलो काम गर्नु पर्दैन, विद्यमान कानुनको परिपालन गरेमात्र पुग्छ ।

यस अर्थमा आर्थिक अनुशासन कमजोर भएका पालिकाहरू आर्थिक कानुनहरू परिपालनमा कमजोर छन् भनेर बुझ्नु पर्दछ । स्थानीय सरकार विधि निर्माता पनि हुन्, उनीहरू आफ्नै प्रतिबद्धता अनुरूप विधिको पालनमा कमजोर हुनु स्थानीय सरकारको सबल पक्ष होइन, यसले संघीयता विरोधी आवाजलाई पनि बढावा दिइरहेको छ । स्थानीय जनप्रतिनिधिहरूमा कानुनको बोध, कार्यान्वयनको वास्तविक प्रतिबद्धता र आचरणमा शुद्धता भएमात्र वित्तीय सुशासनमा पुग्दछन् ।

स्थानीय वित्तीय सुशासनको अर्को महत्त्वपूर्ण पक्ष वित्तीय दिगोपना हो । पालिकाहरू स्थानीय सरकारको हैसियतमा रहने भएकाले स्थानीय वित्तीय प्रणाली निर्माणमा उनीहरूले सामर्थ्य राख्नु पर्दछ । नगद व्यवस्थापन, बजेट व्यवस्थापन, दीर्घकालीन दायित्वको व्यवस्थापन र स्थानीय सेवा व्यवस्थापन दिगो वित्तीय व्यवस्थापनका आधार हुन् । यिनै सूचकका आधारमा स्थानीय शासनको प्रभावकारिता मापन गर्न सकिन्छ । चालू आर्थिक वर्षमा २ सय ५७ पालिकाले कानुनले तोकेको मितिमा बजेट प्रस्तुत गरेनन् । यसमा काठमाडौं, धरान तथा इटहरीजस्ता ठूला भूगोल, जनसंख्या र स्रोत भएका नगरपालिका समेत पर्दछन् ।

समयमा बजेट प्रस्तुत नगर्दा पहिलो दृष्टिमा नै स्थानीय वास्तविकताप्रति स्थानीय सरकार संवेदनशील छैन भन्ने देखिन्छ । यसले स्थानीय सेवा व्यवस्थापन र नागरिक आवश्यकतामा जनप्रतिनिधि सावधान छैनन् भन्ने देखाउँछ । त्यसपछिको प्रमुख काम नगद प्रवाहलाई व्यवस्थापन गर्नु हो । स्थानीय सञ्चित कोषमा सबै रकम एकैचोटि प्राप्त हुँदैन, पटकपटक गरी प्राप्त हुन्छ । प्राप्ति र खर्च व्यवस्थापनलाई उपयुक्त तालमेल मिलाउन नसकिए भुक्तानीमा समस्या आउँछ, विकास निर्माण व्यवस्थित हुँदैन ।

अहिले पुँजीगत खर्चको अनुपात न्यून हुनुमा नगद व्यवस्थापन पनि एक कारण हो । आर्थिक वर्ष सुरु हुनासाथ प्रशासकीय तहबाट कति रकम कुन महिनामा खर्च हुन्छ र त्यसको प्राप्ति कसरी हुन्छ भन्ने निर्क्योल गर्नुपर्दछ । साथै पालिकाले सञ्चालन गर्नुपर्ने विकास निर्माण तथा अन्य दायित्व व्यवस्थापनका लागि रणनीतिक कार्यान्वयन चाहिन्छ । तदर्थ रूपमा गरिएको कामले कोष तथा सेवाबीच उपयुक्त सन्तुलन कायम गर्दैन । साथै विकास र वित्तको स्थानीयकरण भएन भने पनि स्थानीय स्वशासनको मर्म पूरा हुँदैन । यस अवस्थामा स्थानीय सरकारप्रतिको जनविश्वास गिर्न जान्छ ।

स्थानीय वित्तीय सुशासन कायम गर्न स्थानीय सरकारहरू संवैधानिक रूपमा सशक्तीकृत छन् । संविधान तथा कानुनअनुसार वित्तीय क्रियाकलापको स्वयम् निर्धारण, स्वयम् व्यवस्थापन, स्वयम् खर्च र स्वयम् नियन्त्रण गर्न पालिकाहरूलाई अधिकार छ । पालिकाहरूको आफ्नै बजेट, योजना, खर्च प्रणाली र प्रशासनिक व्यवस्था छ । अन्तिम लेखा परीक्षणमात्र महालेखा परीक्षकले गर्ने हो । लेखा परीक्षणले औंल्याएका कुराहरूको कार्यान्वयन पनि स्थानीय पालिकाले नै गर्दछन् । यस अर्थमा पालिकाहरू आफ्नो कार्यप्रणाली सञ्चालनका लागि अरूको मुख ताक्नुपर्ने अवस्थामा छैनन् । पालिकाहरू स्थानीय सुशासनका लागि सहकार्य तथा प्रतिस्पर्धासमेत गर्न सक्दछन् । तर समग्र पालिकाको वित्तीय व्यवस्थापन विश्लेषणबाट के निष्कर्ष निकाल्न सकिन्छ भने आफूलाई संविधानतः प्राप्त अधिकार र स्थानीय नागरिकहरूको अपेक्षा पूरा गर्न धेरैजसो पालिकाहरू पछि परेका छन् । सबै स्थानीय सरकार महाभारत गाउँपालिकाजस्तै शून्य बेरुजुमा रहनु पर्दछ ।

त्यतिमात्र होइन शून्य गुनासो, शून्य भ्रष्टाचार, शीघ्र सेवा व्यवस्थापन र उच्च नागरिक विश्वासमा रहनु पर्दछ । कार्यसम्पादनका हरेक पक्षमा नागरिक विवेचना, सहकार्य र अन्तरक्रियामा रहनु पर्दछ । लुकाएर होइन, देखाएर विश्वास जित्न सकिन्छ, भनेर होइन गरेर जनताको मन, मुटुमा बस्न सकिन्छ । यसो भएपछि स्थानीय सरकार सुशासनका केन्द्र बनी संघीय तथा प्रदेश सरकारलाई पनि असल अभ्यासका लागि प्रभाव पार्न सक्दछन् । *(अन्नपूर्णबाट)*

# नेपालमा भ्रष्टाचार : प्रणालीको अनुहार


शंकर भट्टराई

भ्रष्टाचार र सुशासनको निगरानी गर्ने अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२४ को प्रतिवेदनअनुसार नेपालको भ्रष्टाचार सूचकाङ्क ३४ मा झरेको छ । ट्रान्सपरेन्सीले १०० मा ५० भन्दा कम अंक प्राप्त गर्ने देशहरूलाई अति भ्रष्टाचार हुने देशको सूचीमा राख्छ । विश्वका १८० देशमध्ये नेपाल १०७ औं स्थानमा छ ।

सरकारमा जाँदा प्रत्येक प्रधानमन्त्रीले सरकारको प्रमुख उद्देश्य भ्रष्टाचार नियन्त्रण गर्नु हो र देशमा सुशासन कायम गर्नु हो भन्ने गरेको सुनिन्छ । अनि सत्ताबाट हट्नुपर्दा भ्रष्टाचारविरुद्ध कडा कदम चाल्न खोज्दा सरकार ढल्यो भनिन्छ । यो वास्तविकता हो या हैन कि ढाल्ने ढालिनेलाई नै थाहा होला । के सरकारले भ्रष्टाचार नियन्त्रण गर्न नसकेको हो वा बिचौलिया र भ्रष्टाचारीहरू सरकारभन्दा शक्तिशाली भएका हुन् ?

देशमा किन यस्तो अवस्था छ जहाँ मन्त्रीदेखि साना कर्मचारीसम्म अधिकांशलाई पद, सत्ता र अवसरसँगै घुस खाने मोहले गाँज्छ ? किन सत्तामा पुग्नेबित्तिकै सेवा होइन सेटिङ्ग प्राथमिकता बन्छ ? हामीले अहिलेसम्म देखेका भ्रष्टाचारका प्रकरणहरू त सतहमा देखिएका केही प्रतिनिधि उदाहरणहरूमात्र हुन् । योजना बनाएर, फाइल मिलाएर, सतहमा नदेखिएर भइरहेको चरम अनियमितताको अवस्थाको अनुमानमात्र गर्न सकिन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाललाई किन अति भ्रष्टाचार हुने देशको सूचीमा समेटेको छ ? यस विषयमा सरकारले कति पटक छलफल गरेको छ ? मुख्य भ्रष्टाचारका काण्डहरूमध्ये पतञ्जली प्रकरण हाल अदालतमा विचाराधीन रहे पनि बालुवाटार जग्गा प्रकरण, भुटानी शरणार्थी प्रकरण, ओम्नी प्रकरण, गिरीबन्धु टी स्टेट प्रकरण, लडाकु शिविर घोटाला आदि काण्डहरूको यथाशीघ्र छानबिन गरी दोषीलाई कारबाही गर्न केले छेकेको हो ?

भ्रष्टाचार नियन्त्रणका लागि स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोग संविधानको महत्त्वपूर्ण संरचना हो । तर यसको प्रभावकारितामा प्रश्नचिन्ह लागेको छ । राजनीतिले निर्देशित, सत्ता साझेदारीको सिँढी बनेको अख्तियारबाट निष्पक्षता, न्याय र इमानदारीको अपेक्षा गर्नु मृगतृष्णाजस्तै हुन थालिसकेको छ । साँचो अर्थमा यो संस्था सशक्त बनाउनु छ भने कि खुला छनोट हुन पर्छ नभए कम्तीमा पनि अख्तियार प्रमुखको नियुक्तिमा राजनीतिक पक्षविपक्ष नभई सरकारको नियन्त्रणभन्दा बाहिर रहेर काम गर्न सक्नेगरी हुनुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्ने संयन्त्र नै सत्ताको कब्जामा भएपछि भ्रष्टाचारको उन्मूलन पनि कल्पनामात्र हुनसक्छ ।

प्रधानमन्त्री भन्छन् भ्रष्टाचारीको अनुहार हेर्दिन । जनताको आग्रह छ व्यक्ति नहेरी प्रणालीको अनुहार नियाल्नुहोस् । राज्यसँग शासनको शक्ति छ, देख्न सक्ने आँखा छन्, सुन्न सक्ने कान छन् तर छैन त कारबाही गर्न सक्ने आँट र निष्ठा । भ्रष्टाचारको अनुहार ती व्यक्तिमात्र होइनन् जो जेल जान्छन् वा अख्तियारको फन्दामा पर्छन् त्यो अनुहार त त्यस प्रणालीको हो जसले उसलाई त्यहाँ पु र्यायो । त्यो अनुहार व्यवस्थापन प्रणाली, नियुक्ति प्रक्रिया, कमजोर निगरानी र अदृश्य राजनीतिक संरक्षणको अनुहार हो ।

जनताले भ्रष्टाचार भइरहेको मात्र देखेका छैनन् बरु उनीहरूले भ्रष्टाचारको अनुहारमा देशको भविष्य गुम्दै गएको पीडा पनि महसुस गरेका छन् । अब प्रश्न गर्ने होइन उत्तर खोज्ने समय हो । अब बहाना होइन परिणाम माग्ने हो । राजनीतिक नियुक्ति प्रणालीमा पनि 'मेरिटोक्रेसी'को पालना गरिनुपर्छ । खुला प्रतिस्पर्धा, योग्यता र पारदर्शिता नै नियुक्तिको आधार बन्नुपर्छ । शिक्षा प्रणालीमै इमानदारी र जिम्मेवारीका मूल्यहरू समावेश गरिनुपर्छ । घुस खानेलाई सफलताको सिँढी मान्ने सोचको अन्त्य अब विद्यालयकै पाठ्यक्रमबाट सुरु हुनुपर्छ ।

अख्तियार स्वतन्त्र र निडर बनाइनुपर्छ । यो संस्था राजनीतिक प्रभावबाट मुक्त भई निष्ठाको उदाहरण बन्नुपर्छ । सार्वजनिक निकायका सबै निर्णयहरू पारदर्शी बनाइनुपर्छ । घरघरबाट सुरु हुने इमानदारी नै राष्ट्रिय स्वाभिमानको जग हो । हरेक नागरिकले आफ्नो स्तरबाट भ्रष्टाचारको प्रतिवाद गर्नसक्ने संस्कार विकास गरौं । देश नीति, दृष्टिकोण र चरित्रको संयोजनले विधिपूर्वक अघि बढ्नुपर्छ । साना सुधार गरेर पन्छिने बेला होइन ठूला संरचनागत परिवर्तन गर्ने समय हो यो । जनताले जवाफ खोजिरहेका छन् । भ्रष्टाचारको अनुहार त अब सबैले देख्न थालिसकेका छन् । प्रधानमन्त्रीले मात्र नदेखेका हुन् ! परिवर्तन योजना होइन निष्ठाबाट सुरु हुन्छ ।

अबको क्रान्ति भनेको भ्रष्टाचाररहित शासन स्थापना गर्दै शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, व्यापार, उत्पादन र निर्यातजस्ता आधारभूत क्षेत्रहरूलाई सबल बनाउनु हो । देशको युवाशक्ति लगातार विदेश पलायन भइरहँदा राष्ट्रको समृद्धि सपनामात्रै बन्न सक्छ । त्यसैले अबको मुख्य आवश्यकता युवालाई देशमै अवसर दिनु हो । उनीहरूले आफ्नो सीप, श्रम र सपना यही माटोमा लगाउन सकुन् । युवाले यहीँ रोजगारी पाए 'ब्रेनड्रेन' रोकिनेछ, उत्पादन र निर्यात बढ्नेछ र आत्मनिर्भर नेपालको निर्माण सम्भव हुनेछ । सुशासन, पारदर्शिता र युवामैत्री नीतिमार्फत देशभित्रै समृद्धि सम्भव छ र यही नै अबको साँचो र व्यावहारिक क्रान्ति हो । *(बाह्रखरीबाट)*

# कुमारी बैंकको अगुवाइमा माथिल्लो सेती जलविद्युतमा वित्तीय व्यवस्थापन, १४ बैंकले ४१.६० अर्ब लगानी गर्ने



✍ दिपक पौडेल / काठमाडौं

सुदूरपश्चिम प्रदेशको बझाङमा निर्माण हुने २१६ मेगावाट क्षमताको बझाङ माथिल्लो सेती जलविद्युत आयोजनाको वित्तीय व्यवस्थापन सम्पन्न भएको छ। बझाङको साइपाल गाउँपालिका वडा नं. ४ र ५ मा निर्माण हुने उक्त आयोजनाको लागि शुक्रबार कुमारी बैंकको नेतृत्वमा तथा एनएमबी बैंकको सहनेतृत्वमा माछापुच्छ्रे बैंक, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी, लक्ष्मी सनराइज बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, प्रभु बैंक, नेपाल एसबीआई बैंक, एनआईसी एसिया बैंक, कृषि विकास बैंक, लुम्बिनी विकास बैंक, साँग्रिला डेभलपमेन्ट बैंक, कामना सेवा विकास बैंक र आईसीएफसी फाइनान्ससहितको सहवित्तीय व्यवस्थापन औपचारिक रुपमा सम्पन्न भएको हो।

काठमाडौंमा आयोजित एक कार्यक्रमबीच कुमारी बैंक र आयोजनाको प्रवर्द्धक कम्पनी समृद्धि इनर्जीबीच वित्तीय व्यवस्थापन सम्झौतामा हस्ताक्षर गरिएको छ। सम्झौतामा कुमारी बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाल र प्रवर्द्धक कम्पनी समृद्धि इनर्जीका तर्फबाट अध्यक्ष शैलेन्द्र गुरागाईंले हस्ताक्षर गरेका छन्।

नेपालका प्रमुख वाणिज्य बैंकमध्येको एक कुमारी बैंकले हाल ऊर्जा क्षेत्रको विकासमा केन्द्रित हुँदै विभिन्न ६५ भन्दा बढी जलविद्युत तथा सौर्य ऊर्जा परियोजनाहरुमा लगानी गर्दै आएको छ। बैंकले हालसम्म ७० अर्ब रुपैयाँभन्दा बढीको लगानी गरी (प्रतिबद्धतासहित) २,००० मेगावाटभन्दा बढी क्षमताका परियोजनाहरुको वित्तीय व्यवस्थापनमा (सहवित्तीयकरण अन्तर्गत समेत) योगदान गरिसकेको छ। जसमध्ये केही सञ्चालनमा रहेको र अरु विभिन्न निर्माणाधीन चरणहरुमा छन्। यी परियोजनाहरुले राष्ट्रिय प्रसारण लाइनमा विद्युत आपूर्ति बढाउन महत्वपूर्ण योगदान पुर्याइरहेका छन्।

करिब ४१ अर्ब ६० करोड रुपैयाँ लागतमा निर्माण हुन लागेको आयोजनालाई ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजीको अनुपातमा अघि बढाइने यस आयोजनाको आवश्यक वित्तीय पूर्वतयारी र ड्यु डिलिजेन्स स्टेडीसमेत सम्पन्न भइसकेको छ। यो आयोजना अर्धजलाशययुक्त नदी प्रवाह प्रणालीमा आधारित छ, जसमा ४.५ घन्टाको पिकिङ क्षमता रहनेछ। आयोजनाको डिजाइन डिस्चार्ज ३४.१ घनमिटर प्रतिसेकेन्ड रहेको छ भने ग्रस हेड ७५८.९ मिटर र नेट हेड ७३५.६ मिटर रहेको छ। आयोजनाको बाँधभन्दा तल जैविक बहाव कायम राख्न वर्षभर १.४१ घन मिटर प्रति सेकेन्ड पानी सेती नदीमा निरन्तर छोडिने व्यवस्था गरिएको छ।

नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौता (पीपीए) २०८० साल साउन १९ गते सम्पन्न भई २०८१ वैशाख ३१ गते विद्युत उत्पादन अनुमति प्राप्त भइसकेको छ। आयोजना ५ वर्षभित्र सम्पन्न गरी २०८८ सालको असार ३१ गते (१५ जुलाई २०३१) भित्र व्यावसायिक उत्पादन सुरु गर्ने लक्ष्यसहित अघि बढाइएको छ। आयोजनाबाट वार्षिक १२२९.६ गिगावाट घन्टा विद्युत उत्पादन हुने प्रक्षेपण गरिएको छ। बर्खायाममा ८३४.४९ ग्जज र सुखा याममा ३९५.११ ग्जज उत्पादन हुनेछ। जसमा १६३.६३ जीडब्ल्यूएच पिक इनर्जी हुनेछ। सुख्खायाममा पिक इनर्जीको विद्युत दर प्रतियुनिट रु. १०.५५ र नन-पिक इनर्जीको दर रु. ८.४० रहनेछ।

उत्पादित विद्युत आयोजनास्थलमै निर्माण गरिने २२० केभीको स्विचयार्डबाट ३० किलोमिटर लामो २२० केभी डबल सर्किट प्रशारण लाइनमार्फत राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको प्रस्तावित ४०० केभी बझाङ सबस्टेसनमार्फत राष्ट्रिय ग्रिडमा जोडिनेछ। आयोजनाका लागि आवश्यक पहुँच सडकको कुल लम्बाइ २५ किलोमिटर हुनेछ। आयोजनाको प्रतिमेगावाट लागत करिब १९.२५ करोड रुपैयाँ हुनेछ र प्रथम वर्षमै अनुमानित ७ अर्ब ६७ करोड रुपैयाँ आर्जन हुने अपेक्षा गरिएको छ।

आयोजनाको ३० प्रतिशत स्वपुँजी प्रवर्द्धक कम्पनी समृद्धि इनर्जीले विभिन्न संस्थागत तथा व्यक्तिगत लगानीकर्तामार्फत संकलन गरिरहेको छ। यसका ठूला लगानीकर्तामा सुरी न्यादी पावर, डादी ग्रुप पावर, सगरमाथा जलविद्युत कम्पनी, माई खोला हाइड्रोपावर, यश होल्डिङलगायतका ठूला कम्पनी तथा शैलेन्द्र गुरागाईं, डा. भोगेन्द्र कुमार गुरागाईं र दिनेश गुरुङजस्ता अनुभवी लगानीकर्ता छन्।

स्थानीय पूर्वाधार विस्तार, रोजगारी सिर्जना, ऊर्जा आत्मनिर्भरता र सुदूरपश्चिम प्रदेशको समग्र आर्थिक समृद्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षासहित माथिल्लो सेती जलविद्युत आयोजना नेपालको जलविद्युत विकासको इतिहासमा अर्को महत्वपूर्ण उपलब्धिका रुपमा हेरिएको छ। आयोजना सम्पन्न भएपछि उज्यालो सुदूरपश्चिमको सपना साकार पार्न निर्णायक योगदान पुग्ने विश्वास गरिएको छ।

# पोखरा महानगरद्वारा नगर ऊर्जा योजना सार्वजनिक

काठमाडौं। दिगो सहरी विकास र स्वच्छ ऊर्जा योजनाको दिशामा एक महत्वपूर्ण कदम स्वरूप, पोखरा महानगरपालिकाले मंगलबार आफ्नो प्रथम नगर ऊर्जा योजना (एमइपी) औपचारिक रूपमा सार्वजनिक गरेको छ। पाँच वर्षे अवधिको यस योजनाले पोखराको बढ्दो ऊर्जा आवश्यकतालाई सम्बोधन गर्दै ऊर्जा पहुँच विस्तार गर्ने, ऊर्जा दक्षता अभिवृद्धि तथा नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ। यसले नेपालको राष्ट्रिय ऊर्जा तथा जलवायु लक्ष्यमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले महानगरपालिकामा आयोजित एक कार्यक्रमबीच उक्त योजना सार्वजनिक गरेका हुन्।

कार्यक्रममा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, काठमाडौंका उप कार्यकारी निर्देशक डा. नारायण प्रसाद अधिकारी,जिआइजेड नेपालका वरिष्ठ ऊर्जा विशेषज्ञ डा. नारायण प्रसाद चौलागाई, महानगरका पदाधिकारीहरू र निजी क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। ऊर्जा विकास उप-समितिद्वारा तयार गरिएको उक्त योजना जिआइजेड नेपालको 'रिप-ग्रीन' कार्यक्रमको प्राविधिक सहयोगमा नौ चरणमा आधारित समग्र प्रक्रियाबाट तयार गरिएको हो। योजना तयारीको क्रममा विभिन्न सरोकारवालासँग छलफल तथा परामर्श गरिएको थियो। यो योजना २०८१ फागुनमा पोखरा महानगरपालिकाबाट औपचारिक रूपमा अनुमोदन गरिएको छ।

कूल १ अर्ब ३३ करोड ३० लाख ८२ हजार रुपैयाँको अनुमानित लागत रहेको यस योजनाले 'समृद्ध पोखराका लागि प्रभावकारी र दिगो ऊर्जा'को दीर्घकालीन परिकल्पना गरेको छ। योजनाले प्राथमिकताका रूपमा ऊर्जाका घरायसी स्तरमा स्वच्छ, प्रभावकारी तथा नवीकरणीय ऊर्जा उत्पादन तथा उपयोगमा वृद्धी, परम्परागत तथा आयातित इन्धनको सट्टा स्थानीय स्रोतमा आधारित नवीकरणीय ऊर्जा प्रवर्द्धन, व्यापारिक तथा औद्योगिक क्षेत्रमा ऊर्जा दक्षताको अभिवृद्धि गर्दै हरित गृह ग्यास उत्सर्जनमा न्यूनीकरण, नीतिगत पहल र शैक्षिक अभियानमार्फत जनचेतना अभिवृद्धि क्षेत्रहरूलाई पहिचान गरेको छ।

कार्यक्रममा बोल्दै मेयर आचार्यले सबै सरोकारवाला निकायहरूसँग सहकार्य गर्दै योजनाको प्रभावकारी कार्यान्वयन गर्नेमा महानगरपालिकाको प्रतिबद्धता पुनः दोहोऱ्याए। उनले पोखरालाई हरियाली र ऊर्जा-मैत्री सहर बनाउने यात्रामा यो योजनाको महत्वपूर्ण भूमिका रहने उल्लेख गरे। तीन वटै सरकारबिच प्रभावकारी समन्वय कायम गर्न सके यस्ता महत्वाकाङ्क्षी योजनाहरू सफलतापूर्वक कार्यान्वयन गर्न सकिने धारणा पनि उनले व्यक्त गरे। रिप-ग्रीन कार्यक्रम युरोपेली संघ (इयू) र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (बिएमजेड) को संयुक्त वित्तीय सहयोगमा सञ्चालित कार्यक्रम हो। यो कार्यक्रम जिआइजेड तथा यसका साझेदार संस्था ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा कार्यान्वयन भइरहेको छ। कार्यक्रमले स्थानीय सरकारहरूसँग सहकार्य गर्दै समावेशी, दिगो र लैङ्गिक उत्तरदायी ऊर्जा योजना तथा क्षमता विकासमा निरन्तर सहयोग पु-याउँदै आएको छ।

# रोयल्टी छुट भएका ९७ हिमालमध्ये १५ वटामा मात्रै आरोहण

काठमाडौं। सरकारले आगामी दुई वर्षको लागि आरोहण रोयल्टी छुट गरेका ९७ वटा हिमालमध्ये १५ वटामा मात्रै आरोहण भएको पाइएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको पर्यटन विभागका अनुसार सरकारले यस वर्षको साउन १२ को मन्त्रिपरिषद बैठकबाट आरोहणमा लाग्ने रोयल्टी दुई वर्षलाई छुट दिने निर्णय भएको हो। यी ९७ वटा हिमालबाट पछिल्लो २ वर्षमा जम्मा १४ लाख रुपैयाँ मात्रै रोयल्टी संकलन भइरहेको छ।


सरकारले हिमालको प्रवर्द्धन गर्न र थप पर्यटक आकर्षित गर्न कर्णाली र सुदूरपश्चिमका ९७ वटा हिमालको लागि आगामी दुई वर्षसम्मलाई निःशुल्क आरोहण गर्न पाइने व्यवस्था गरेको छ। यी हिमाल मध्ये ७७ वटा कर्णाली प्रदेशमा पर्छन् भने बाँकी २० वटा सुदूरपश्चिम प्रदेशका हिमाल हुन्। सरकारले चालू आर्थिक वर्ष २०८२/८३ र आगामी आर्थिक वर्ष २०८/८४ का लागि कर्णाली र सुदूरपश्चिम प्रदेशका आरोहण खुला भएका ९७ हिमालयका लागि सलामी छुट दिने निर्णयले पर्यटन प्रवर्द्धन हुने र आरोहण नभएका हिमालतर्फ विदेशी आकर्षित हुन सक्ने बुझाइ पर्यटन विभागका निर्देशक हिमाल गौतमको छ।

'यस अघि पनि २०६५ देखि २०७५ सम्म यी हिमालको आरोहण रोयल्टी छुट गरिएको रहेछ। यी हिमाल प्रवर्द्धन गर्न र पर्यटन व्यवसायमा सकारात्मक सन्देश प्रवाह गर्न सरकारले गरेको निर्णय प्रभावकारी हुने अनुमान छ,' उनले भने। सरकारले पर्यटन ऐन २०३५ को दफा ३६ तथा पर्वतारोहण सम्बन्धी नियमावली २०५९ को नियम ३२ ले गरेको व्यवस्था अनुसार रोयल्टी छुट दिने र यसको सूचना राजपत्रमा प्रकाशन गर्ने निर्णय गरेको छ। केही दिनमै राजपत्रमा सूचना प्रकाशन हुने र रोयल्टी छुटको निर्णय कार्यान्वयन हुने पनि पर्यटन विभागको भनाइ छ।

पछिल्लो दुई वर्षमा कर्णाली र सुदूरपश्चिम प्रदेशमा आरोहणका लागि खुला गरिएको ९७ वटा हिमालमध्ये जम्मा १५ वटा हिमालमा जम्मा २१ वटा टोलीका ६८ जना आरोहीहरुले मात्रै अनुमति लिएका थिए। यसबाट पर्यटन विभागले १४ लाख ८ हजार रुपैयाँ रोयल्टी संकलन गरेको देखिएको छ। पर्वतारोहीहरुको संख्या र सोबाट प्राप्त सलामी दस्तुर अत्यन्त न्यून रहनुका साथै अधिकांश हिमालहरु आरोहण नै नभएको देखिएको छ। आरोहण नभएका हिमालमा पर्यटक आकर्षित गर्न र आरोहण भइसकेकामा थप लैजान पनि सार्वजनिक, निजी एवम् सामुदायिक क्षेत्रको समन्वयात्मक प्रयास आवश्यक रहेको विभागको भनाइ छ। सलामी छुटले मानव विकास सूचकाङ्कमा समेत पछाडि परेका कर्णाली र सुदूरपश्चिम प्रदेशमा पर्वतारोहण एवम् पर्वतीय पर्टनको प्रवर्द्धन हुने बुझाइ पर्यटन विभागको छ।

रोयल्टी छुट दिएर पर्यटक आकर्षित गर्दा अन्य पर्यटकीय उपज, गन्तव्य र सम्भावनाहरू समेतको उजागर हुन्छ भने रोजगारी सिर्जना र आय आर्जनको वृद्धि हुन सक्छ। जसले समग्र अर्थतन्त्रमा उल्लेख्य योगदान गर्न सक्छ। विभिन्न स्थानीय तह, पर्यटन व्यवसायी, कर्णाली र सुदूरपश्चिम प्रदेशको सम्बन्धित सरोकारवालासहितको पटक पटकको अनुरोधबाट सरकारले यो क्षेत्रका हिमाल आरोहणमा लाग्ने सलामी दस्तुर (रोयल्टी)छुट दिएको पनि उल्लेख छ।

# पौने २३ अर्बको लागतमा ११० मेगावाटको माथिल्लो चुवा लुरुप्या हाइड्रो बन्ने



काठमाडौं। कर्णाली प्रदेशको हुम्ला जिल्लाको सिमकोट र खार्पुनाथ गाउँपालिकामा ११०.२ मेगावाट क्षमताको माथिल्लो चुवालुरुप्या जलविद्युत आयोजना निर्माण हुने भएको छ। माथिल्लो चुवालुरुप्या पिकिङ रन अफ रिभर जलविद्युत् आयोजना नेपाल पोर्टफोलियो एनर्जी प्रालि र मलेसियन कम्पनी ओएचपी नेपाल इन्कर्पोरेटेडको संयुक्त लगानीमा अघि बढाइएको हो। २०७६ मंसिर २९ गते १०३ मेगावाट क्षमताको सर्वेक्षण अनुमतिसहित सुरु गरिएको आयोजनाको विस्तृत अध्ययनपछि उत्पादन क्षमता ११०.२ मेगावाटमा पुऱ्याइएको हो। सन् २०२५ मार्चमा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन मन्त्रालयमा बुझाइएको हो। २२ अर्ब ८५ करोड रुपैयाँ निर्माण लागत रहने आयोजनामा दुईवटा खोलाको पानी प्रयोग गरिनेछ। चुवा खोला र लुरुप्या खोलाखोलाको पानी जम्मा गरी विद्युत उत्पादन गरिनेछ। चुवा खोलामा ३४.६ मिटर लामो र १४ मिटर अग्लो बाँध निर्माण गरी ७ लाख ३८ हजार घनमिटर पानी संचित गरिनेछ। हेडरेस सुरुङको लम्बार २ हजार ८३१ मिटर रहने छ। लुरुप्या खोलामा २० मिटर लामो र ७ मिटर अग्लो बाँध बनाइनेछ। जलाशयबाट पाइपमार्फत पानी सुरुङ हुँदै विद्युतगृहमा पुऱ्याइनेछ।

चुवा खोलाको पानी ल्याउने सुरुङ र लुरुप्या खोलाको पानी ल्याउने सुरुङ एउटा स्थानमा जोडिनेछ। त्यहाँबाट १०२ मिटरको सुरुङ हुनेछ। विद्युतगृहभित्र ३ वटा टर्बाइन हुने छ। आयोजनाको विद्युतगृह सिमकोट गापा १ मुग्रिकमा हुने छ। विद्युतगृहदेखि चुवा र लुरुप्याको बाँध र अन्य संरचनासम्म पुग्न ९.६ किमी सडक निर्माण गर्नुपर्नेछ। उत्पादन हुने विद्युत् सिधा मुगु हब सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ। निर्माण कार्यको अवधि ४ वर्ष तोकिएको छ। आयोजना सम्पन्न भएपछि वार्षिक ६१७.२८ गिगावाटघण्टा विद्युत् उत्पादन हुने लक्ष्य रहेको प्रतिवेदनमा उलेख गरिएको छ।

निर्माणको क्रममा ७५७ रुख कटानी गर्नु पर्नेछ भने करिब १८.१३ हेक्टर वनजंगल प्रयोग गरिनेछ। आयोजना सञ्चालनपछि हुम्ला क्षेत्रको विद्युत आपूर्ति मात्र नभई स्थानीय अर्थतन्त्रमा पनि सुधार आउने अपेक्षा गरिएको छ। निर्माण अवधिमा करिब ६१० जनाले रोजगारी पाउनेछन्। ११ करोड ४३ लाख रुपैयाँको सामुदायिक सहयोग कार्यक्रम मार्फत स्थानीय विद्यालय, स्वास्थ्य चौकी, खानेपानी, सुरुङखेती जस्ता पूर्वाधार निर्माण गरिने जनाइएको छ।

# चौधरी र गोल्छा....

रितुको नेतृत्वमा नाइमा मा उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष शेखर गोल्छा लगायत ११ जना व्यवसायी संगठित छन् । भने नाडामा करणको नेतृत्वमा ३५ व्यावसायिक सिंगो कार्यसमिति छ । २०८० पुस २० गते सम्पन्न नाडाको ४७ औँ साधारण सभा मार्फत अध्यक्षमा करण चौधरी निर्विरोध निर्वाचित भएका हुन्। चौधरी सँगै अर्का अध्यक्ष पदका आकांक्षी आकाश गोल्छाले आफू वरिष्ठ उपाध्यक्ष बन्ने सर्तमा अध्यक्ष छोडेका हुन् । पछि करण र चौधरी बिच अन्तरदन्द मौलाउँदै गएपछि केही समय नाडाको बैठक नै बसेको थिएन ।

**अटो व्यवसायीलाई फुट र नाइमाको जन्म**

अटो व्यवसायीलाई फुटको स्थितिमा पुराएको गोल्छा र चौधरी व्यावसायिक घरानाबिचको विवाद अहिले व्यवसायगत मात्रै नभएर नाडा र नाइमा सँगै जोडिएको छ। नेपालमा सुरुवात काल देखि नै हिरो होन्डा (पछि हिरो) र होन्डाको आधिकारिक विक्रेता पारिवारिक कलहका कारण ज्योति समूहबाट चौधरी समूहमा गत वर्ष मात्रै पुगेको थियो। ज्योति समूहको नेपाल जनरल मोटर्स बाट सिजी मोटर्सले नेपालमा हिरो मोटर साइकलको आधिकारिक विक्रेता खोसिएपछि सौरभ बदलाको मौकामा थिए ।

अनेक उतारचढाव र विवादबिच दशकौँदेखि एकताको सन्देश दिँदै आएको अटो क्षेत्र समय समयमा यी नै ठुला व्यावसायिक घरानाबिचको जुँगाको लडाइका कारण विवादमा फस्ने गरेका थिए । तथापि, विभाजित भने भइसकेका थिएनन् । तर, पछिल्लो डेढ वर्ष यताको गोल्छा र चौधरी घरानाबिचको विवादका कारण भने अटो क्षेत्र दुई कित्तामा विभाजित हुन बाध्य भयो । फलस्वरूप, लामो इतिहास बोकेको नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)बाट विभाजित भएर नेपाल अटोमोबाइल्स इम्पोर्टस एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) जन्मियो । नाइमा स्थापनाको एक महिना नबित्दै संस्थाको पदाधिकारीमा गरिएको हेरफेरले दुई व्यवसायीका घरानाबिचको विवाद झनै सतहमा देखियो । शेखरको आग्रहमा रितुलाई अध्यक्ष बनाएर नाइमा जन्मिए पनि त्यसैको हिस्सेदार बने सौरभ पनि । नेपालमा अटो क्षेत्रमा प्रविधिको अध्ययन तथा विकासमा काम गर्ने गरी दर्ता भएको नाइमा र नाडा ठुला भनिएका दुई घरानाको जुँगाको लडाइमा सीमित भएको छ ।

'नाडालाई भऱ्याङको रूपमा प्रयोग गरेर नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ जस्ता संस्थाको माथिल्लो नेतृत्वसम्म पुगे । लिनसम्म फाइदा लिएपछि अहिले अटो व्यवसायीलाई विभाजित गर्ने र संस्था सिद्ध्याउने काममा लागि परेका छन्,' एक अटो व्यवसायीले भने, 'आफूले लिनसम्म फाइदा लिएर व्यवसायी-व्यवसायी बिचमा फुट ल्याउँदा त्यसको असर समग्र अटो क्षेत्र र साना तथा मझौला व्यवसायीमा पर्न थालेको छ ।' उनले जुनसुकै नाममा अटो क्षेत्रलाई यो स्थितिमा पुऱ्याउनु दुःखद र खेदजनक भएको बताए ।

**विवादको जड वरिष्ठ उपाध्यक्ष गोल्छालाई सदस्यमा घटुवा**

पछिल्लो पटक नाडा अध्यक्ष करण चौधरीले विधान संशोधन प्रक्रिया नपुगेको भन्दै वरिष्ठ उपाध्यक्ष आकाश गोल्छालाई सदस्यमा घटुवा गरेको आरोप गोल्छा समूहले लगाउँदै आएको छ । वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने गरी डेढ वर्षअघि विधानसमेत संशोधन गरिए पनि हाल गोल्छालाई सदस्यमा घटुवा गरेको र विधान स्वीकृतिमा पहल नगरेको दाबी गोल्छा समूहको छ । चौधरी समूह भने विधान संशोधनपछि स्वीकृतिका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौँ पठाइएको बताउँछ। सो क्रममा जिल्ला प्रशासनले विधान संशोधन प्रक्रियामाथि प्रश्न उठाउँदै संशोधनका लागि पठाएको पत्र अस्वीकार गरेको र स्वतः गोल्छा साधारण सदस्य कायम भएको तर्क गर्दै आएको छ। हाल गोल्छा नाडाको साधारण सदस्यमा झरेका छन् भने नाडाको मनोनीत सदस्यका रूपमा रहेका निशान ढकाल र अभिक ज्योति आमन्त्रित सदस्यमा सीमित छन् । यो विषयमा दुवै पक्षको तर्क छुट्टाछुट्टै छन् । जे होस् यो विषयले दुई घरानाबिचको दूरी झनै लम्बिएको छ । विशुद्ध दुई घरानाबिचको विवादको चेपुवामा समग्र नेपाली अटो क्षेत्र परेको गुनासो व्यवसायीहरू गर्न थालेका छन् । आफू बसेर सबैभन्दा बढी फाइदा लिएको ठाउँको अस्तित्व नै समाप्त पार्ने बाटोमा अगाडि बढ्ने निश्चित व्यक्तिको चेपुवामा नेपाली अटो क्षेत्र परेको व्यवसायीको तर्क छ । 'अहिले स्वस्थ प्रतिस्पर्धा गर्ने वा यो क्षेत्रको सुधारमा काम गर्ने भन्दा पनि एकले अर्कोलाई सिद्ध्याउने ढंगमा निश्चित समूह लागि परेका छन्,' उनले भने, 'आज सीमित व्यक्तिको स्वार्थ र इगोको लडाइले दशकौँ पुरानो अटो क्षेत्रको अस्तित्व मेटिन लागेको छ।' उनले दुई व्यवसायीका घरानाबिचको विवादका कारणले नै यो स्थिति सिर्जना भएको बताए ।

**नाडा र नाइमा बिचमा सहकार्य कागजमा मात्रै**

ठुला दुई घरानाबिचको विवाद बाहिर नआओस् भन्ने उद्देश्यका साथ नाडा र नाइमा बिचमा गएको चैत २४ मा एक किसिमको सहकार्यको सम्झौता भएको थियो । सम्झौतामा नाडा या नाइमा दुवैका सदस्य एक अर्का संस्थामा लागेमा पनि सदस्यता कायम हुने सहमति भयो । तर सदस्यमा घटुवा भएका गोल्छाले नाडाको बैठक जानै छाडे भने अर्का सदस्य यमुना श्रेष्ठ दुवै संस्थाको कार्यसमितिमा भएकाले बोलाउनै छोडिएको एक कार्यसमिति सदस्यले बताए । यो सम्झौता गर्ने समयमा नाडा अध्यक्ष चौधरी, नाइमा अध्यक्ष ऋतुसिंह वैद्यको साथमा स्वयम् शेखर गोल्छासमेत उपस्थित थिए ।

यसले नाडा र नाइमा दुवै संस्था सौहार्दपूर्ण सहकार्य गर्दै अगाडि बढ्ने अपेक्षा गरिएको थियो । तर, एक महिना नबित्दै सो सम्झौता राखिएको सहकार्य र सहयोग बुँदाको मजाक उडाइएको छ । सम्झौतामा अटो क्षेत्रको दिगोपन, नवप्रवर्तन र नीतिगत स्थिरतातर्फ अग्रसर हुँदै गर्दा नाडा र नाइमा दुवै संस्थाले व्यवसायीको हक तथा हित संरक्षणमा काम गर्ने उल्लेख गरिएको थियो।

**अटो शो घोषणापछि नाइमाप्रति झनै रुष्ट नाडा**

अहिले नाडा अन्य विषयले भन्दा पनि बढी अटो शो लाई लिएर नाइमाप्रति रुष्ट छ । नाडाले २०८१ फागुनमै नाडा अटो शो-२०२५ भदौ ३ देखि ८ सम्म गर्ने घोषणा गरेको थियो । १७ औँ संस्करणको अटो शोका लागि नाडाले फागुन २७ देखि चैत ४ गतेसम्म स्टल बुकिङका निम्ति रजिस्ट्रेसन पनि खुला गरिसकेको थियो । तर, गत चैत ४ गते भएको नाइमाको औपचारिक उद्घाटन कार्यक्रममा संस्थाले काठमाडौँको भृकुटीमण्डपमा साउन २१ देखि २५ गतेसम्म नेपाल मोबिलिटी एक्स्पो गर्ने घोषणा गऱ्यो । नाडा अटो शोलाई ओझेलमा पार्ने उद्देश्यसहित एक साताअघि नाइमाले एक्स्पो गर्ने भएपछि दुई संस्था एक अर्काको विरोधीको रूपमा प्रस्तुत भए ।

'सुरुमा नाइमा स्थापना गर्दा नीतिगत सुधारका लागि पहल गर्ने भनेर भनियो । नीतिगत रूपमा काम गर्नका लागि स्थापित संस्था हो भने उसले अटो शो गर्न जरुरी थिएन,' नाडाका एक सदस्यले भने, 'तर, प्रतिशोध साँध्ने ढंगमा अटो शो घोषणा गरियो । अटो शो नै गर्ने भए पनि केही समयको अन्तर राख्न सकिन्थ्यो तर, एक साता अघि राखेर शत्रुको जस्तो व्यवहार गरियो ।'

उनले लामो समय अगाडि नाडा अटो शो को मिति तय भएको देख्दादेख्दै पनि गलत मनसायले र वर्षौं पुरानो अटो शोलाई ओझेलमा पार्ने उद्देश्यले नाइमाले यस्तो कदम चालेको बताए । करिब, एक साताको फरकमा दुई अटो शो आयोजना हुन लागेकाले व्यवसायी थप विभाजित हुनुपर्ने अवस्थामा पुगेका छन् । साना व्यवसायीलाई कुन अटो शो मा सहभागी हुने भनेर कित्ता छुट्टाउनसमेत मुस्किल परेको छ । पछिल्लो समयको गतिविधि हेर्दा दुई संस्था एक अर्कोलाई कसरी सिद्ध्याउन सकिन्छ भन्ने बाटोमा बढी केन्द्रित भएको देखिन्छ । चौधरी र गोल्छा समूह ठाउँ मिलेसम्म एक अर्कोलाई दबाबमा राख्न उन्मुख भएकाले समग्र अटो क्षेत्र यसको चेपुवामा पर्ने निश्चित जस्तै छ ।

**वर्षौँदेखिको चौधरी-गोल्छा टकराब, यही कारण फुटेको थियो महासंघ**

यी दुई समूहको विवादकै कारण नेपाल उद्योग वाणिज्य महासंघ विभाजित बन्न पुगेको बताइन्छ । महासंघको २०५० सालको निर्वाचनमा अध्यक्षका लागि विनोद चौधरी र हुलासचन्द गोल्छा उम्मेदवार बनेको थिए । तर, निर्वाचनको बिचमा गोल्छा एकाएक बिरामी भएपछि उम्मेदवारी फिर्ता लिनुपर्ने स्थिति बन्यो । गोल्छाले उम्मेदवारी फिर्ता लिएपछि चौधरी निर्विरोध निर्वाचित भए ।

तर, गोल्छाको उम्मेदवारी फिर्तालाई चौधरी समूहले 'गोल्छाले हार माने'को रूपमा चर्चा गर्न थाले । यसले गोल्छा पक्षमा एक किसिमको इगो पैदा भयो । त्यसपछि, २०५२ सालको चुनावमा गोल्छा पक्षले पद्म ज्योतिलाई उम्मेदवार बनायो । यसमा चौधरी पक्ष पराजित भयो । चौधरीले फेरि अध्यक्ष बन्न खोजे र गुटबन्दी तथा विवादको खेल झाँगियो । यसले चौधरी र ज्योतिको इगोले व्यवसायीहरू बिच पहिलो पटक विभाजन ल्यायो र २०५९ सालमा चौधरीले नेपाल उद्योग परिसंघ (सिएनआई) स्थापना गरे । परिसंघमा महासंघको विकल्प स्वरूप समानान्तर संस्था बनाउँदै विभाजनलाई संस्थागत रूप दिने काम बढ्दै गयो ।

यो क्रमले पछिल्लो पटक शेखर गोल्छा र चण्डीराज ढकालको प्रतिस्पर्धासम्म पनि निरन्तरता पायो । विधान संशोधनमार्फत एक अर्कालाई रोक्ने प्रयास पनि भयो । हाल अटो क्षेत्रमा पनि सोही किसिमको अर्थात् एकले अर्कोलाई निषेध गर्ने किसिमको प्रयासहरू भएकाले यसले समग्र अटो क्षेत्रलाई समस्यामा पार्ने भन्दै चिन्ता व्यक्त भइरहेको छ ।

# कर्णालीका.....

भएको छ। मन्त्रालयले किसानका लागि १६ क्विन्टल धानको उन्नत बिउ, ३५ क्विन्टल मकै, ६० क्विन्टल गहुँ, २ सय ४५ क्विन्टल अदुवा र बेसारको बिउ बाँडेको छ। त्यसमार्फत यहाँका ६ सय ५० कृषकले लाभ उठाएका छन्। मन्त्रालयका सचिव रावतका अनुसार ८ हजार मेलिफेरा मौरी गोलासहित घार र ४ सय ३६ वटा सेरेना मौरी गोलासहित घार र मौरीपालन समाग्री किसानलाई वितरण गरिएको छ। मन्त्रालयले ५० बढी भेडापालक कृषकहरूलाई औषधि उपचारबापत प्रोत्साहन अनुदान दिएको छ। 'कर्णालीमा भेडाबाखापालक कृषकहरूको संख्यामा वृद्धि भएको छ, तरल नाइट्रोजन उत्पादन प्लान्ट स्थापनाको पूर्वाधार काम सकेर मेसिनरी औजार ल्याउन बाँकी छ, प्राकृतिक प्रकोप राहत वितरण कार्यक्रमअन्तर्गत असिना हावाहुरीबाट ३ सय हेक्टर बालीमा भएको क्षतिमा ८२ लाख रुपैयाँ १ हजार ६ सय २४ कृषकलाई प्रदान गरिएको छ,' मन्त्रालयका सचिव रावत भन्छन् ।

मन्त्रालयले माटोको गुणस्तर निर्धारणका लागि स्थानीय तहहरूमा १५ हजार २ सय ४ वटा माटोको नमुना परीक्षण गरेको जनाएको छ। नमुना परीक्षण गरी किसानलाई प्राविधिक सल्लाह प्रदान गरिएको सचिव रावतले बताए। 'बिउबिजनको गुणस्तर कायमका लागि विभिन्न बिउ उत्पादक संघसंस्थाद्वारा खेती गरिएको ८९ हेक्टर बिउबालीको खडाबाली निरीक्षण तथा ३१.५१ टन मूलस्तरको बिउ प्रमाणीकरण गरेका छौं,' उनले भने। मन्त्रालयअन्तर्गत गत वर्ष प्रदेशभर ५० हजार १८ पशुको कृत्रिम गर्भाधान गरिएको छ। कर्णालीका २ हजार ५ सय ७ कृषकहरूलाई दूध उत्पादनमा प्रोत्साहन र ५० बढी भेडाबाखापालक कृषकलाई प्रोत्साहन कार्यक्रमअन्तर्गत ७ सय ४१ कृषकलाई प्रोत्साहन गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका लागि विनियोजित १ अर्ब ८६ करोड ७ हजार रुपैयाँमध्ये १ अर्ब २९ करोड ३१ लाख बढी अर्थात् ६९.२५ प्रतिशत बजेट कार्यान्वयन गरेको छ। यो आर्थिक वर्ष २०८०/८१ भन्दा करिब एक प्रतिशत बढी हो। मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ मा चालुतर्फ १ अर्ब ३७ करोड २० लाख ६६ हजारमध्ये ९४ करोड ९७ लाख ७४ हजार र पुँजीगततर्फ ४९ करोड ५१ लाख ५० हजारमध्ये ३४ करोड ३३ लाख ४० हजार रुपैयाँबराबरको बजेट कार्यान्वयन गरेको हो। मन्त्रालय मातहतमा रहेका कार्यालयमध्ये सबैभन्दा बढी बजेट कार्यान्वयन कृषि विकास कार्यालय कालीकोट बनेको छ। कार्यालयले ९६.६९ प्रतिशत बजेट कार्यान्वयन गरेको सचिव रावतले बताए।

मन्त्री विनोदकुमार शाहले कर्णालीमा कृषि क्षेत्रको आवश्यकता र बजेटको तालमेल नमिले पनि मन्त्रालयले सकारात्मक प्रगति गरेको बताए। मन्त्रालयसँग पर्याप्त स्रोत नहुँदा अनुसन्धानमा आधारित काम गर्न नसकिएको बताए। कर्णाली सरकारका मुख्यमन्त्री यामलाल कँडेलले कर्मचारीहरूले सकारात्मक मनोबलसहित कार्यसम्पादन गरे राम्रो प्रतिफल दिने बताए।

'हरेक वर्ष वार्षिक प्रगति भनेर खर्च गरेको बजेटलाई मात्रै उपलब्धि मान्नु हुँदैन, बजेट कार्यान्वयनले सामाजिक रुपमा कत्तिको प्रभाव पाऱ्यो भन्ने विषय महत्वपूर्ण हो,' मुख्यमन्त्री कँडेल भन्छन्। कर्णालीमा विदेशबाट फर्किएका व्यक्तिमात्रै कृषि पेसामा लागेको बताउँदै कृषि मन्त्रालय र मातहतका कार्यालयबाट तालिम प्राप्त व्यक्तिलाई कृषि पेसामा आबद्ध बनाउँदै लैजानुपर्ने मुख्यमन्त्री कँडेलले बताए।

# कुमारी बैंकको नाफा २ अर्ब ११ करोड बढी, यस्ता छन् अन्य सूचक

काठमाडौं । कुमारी बैंकको गत आर्थिक वर्ष २०८१/८२ मा खुद नाफा ४५ हजार ८२९ प्रतिशत बढेर २ अर्ब ११ करोड ६४ लाख ९ हजार रुपैयाँ गरेको छ । अघिल्लो वर्ष बैंकले ४६ लाख ८ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो । समीक्षा वर्षमा बैंकको खुद ब्याज आम्दानी ६.९५ प्रतिशत ११ अर्ब ५५ करोड ४३ लाख ९४ हजार रुपैयाँ गरेको छ । अघिल्लो वर्ष बैंकले १० अर्ब ८० करोड ३३ लाख ४० हजार रुपैयाँ खुद ब्याज आम्दानी गरेको थियो ।

गत वर्ष बैंकको कुल सञ्चालन आम्दानी १०.९७ प्रतिशत बढेर १५ अर्ब १३ करोड ३० लाख ५२ हजार रुपैयाँ, सञ्चालन नाफा ५२९.८७ प्रतिशत बढेर ६ अर्ब १३ करोड ४४ लाख ९१ हजार रुपैयाँ र खुद शुल्क तथा कमिसन आम्दानी २७.४४ प्रतिशत बढेर २ अर्ब ६७ करोड ३८ लाख १९ हजार रुपैयाँ गरेको छ ।

गत वर्ष बैंकको वितरणयोग्य नाफा २ अर्ब ७९ करोड ४० लाख २० हजार रुपैयाँ ऋणात्मक छ । अघिल्लो वर्ष बैंकको वितरणयोग्य नाफा ५ अर्ब ३६ करोड ७४ लाख २४ हजार रुपैयाँ ऋणात्मक थियो । गत वर्ष बैंकको चुक्ता पुँजी २६ अर्ब २२ करोड ५८ लाख ६१ हजार रुपैयाँ र जगेडा कोषमा १३ अर्ब ८५ करोड ७९ रुपैयाँ रहेको छ ।

गत वर्ष बैंकको निक्षेप संकलन ९.४६ प्रतिशत बढेर ३ खर्ब ६४ अर्ब ६३ करोड ९१ लाख रुपैयाँ र कर्जा लगानी २.७८ प्रतिशत घटेर २ खर्ब ६० अर्ब ९४ करोड ८३ लाख रुपैयाँ छ। अघिल्लो वर्ष बैंकले ३ खर्ब ३३ अर्ब ११ करोड १३ लाख रुपैयाँ निक्षेप संकलन गरी २ खर्ब ६८ अर्ब ४३ करोड १२ लाख रुपैयाँ कर्जा लगानी गरेको थियो ।

नाफा बढेसँगै बैंकको प्रतिसेयर आम्दानी ८.०७ रुपैयाँ पुगेको छ । अघिल्लो वर्ष बैंकको प्रतिसेयर आम्दानी ०.०२ रुपैयाँ थियो । बैंकको मूल्य आम्दानी अनुपात २७.२३ गुणा रहेको छ भने प्रतिसेयर नेटवर्थ १४२.१९ रुपैयाँ रहेको छ। अघिल्लो वर्ष ५.९६ प्रतिशत रहेको खराब कर्जा गत वर्ष बढेर ६.४२ प्रतिशत पुगेको छ। कर्जा निक्षेप अनुपात (सीडी रेसियो)७५.७३ प्रतिशत, आधार दर ६.४४ प्रतिशत रहेको छ ।

# चालु आर्थिक...

२२.६३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको अन्त्यमा जीडीपीमा आन्तरीक ऋणको अनुपात २० दशमलव १८ प्रतिशत र वाह्य ऋणको अनुपात २२ दशमलव ९० प्रतिशत पुग्ने अनुमान गरिएको छ । जीडीपीको तुलनामा ४५ प्रतिशतसम्मको ऋणको हिस्सालाई अर्थशास्त्रीहरूले जोखिम रहित मान्दै आएका छन् ।

राजस्व र व्ययको अनुमान आवश्यकताअनुसार घाटा बजेटको रूपमा पेश गर्न सकिने र त्यस्तो घाटा बजेट प्रस्तुत गर्दा स्रोत परिचालनको स्पष्ट आधार खुलाएर कानूनअनुसार सरकारले ऋण लिन पाउँछ । सरकारले घाटा बजेट प्रस्तुत गर्नसक्ने कानूनी व्यवस्थाअनुसार न्यून वित्त पूर्ति गर्न सार्वजनिक ऋण परिचालन गर्ने सीमा कानूनमा नै तोकिएको भएपनि पछिल्लो समय जथाभावी सनकका भरमा ऋण लिँदा मुलुकमा सार्वजनिक ऋण बढ्दै गएको छ ।

खासगरी सरकारले तलब भत्तादेखि राजनीतिक स्वार्थ पूर्तिका लागि प्रतिफल नदिने खालका तयारी बिनाकै कार्यक्रमहरुमा ऋण लिने प्रवृत्ति बढ्दा ऋणको पासोमा मुलुक फस्ने त होइन भन्ने विज्ञहरुले चिन्ता व्यक्त गर्दै आएका छन् ।

# नेपालमा उड्ने....

अटो शोमा राखिने उड्ने कारहरूले हाम्रो कम्पनी कति भविष्यमुखी र दूरदर्शी छन् भनी देखाएको उनको भनाइ छ। 'यसपटकको नाडा अटो शो अहिलेसम्मकै सबैभन्दा रोमाञ्चक हुने उनको विश्वास छ। यसैले यसपटक उत्कृष्ट अटोमोबाइलहरूसँगै भविष्यका उत्कृष्ट प्रविधिहरू हेर्ने मौका मिल्ने छ,' उनले भने। दक्षिण एसियामै अटो प्रदर्शनीका नाममा भए पनि उड्ने कार भित्र्याउने पहिलो मुलुक नेपाल हुने भएको छ। उड्ने कार पूर्णरूपमा विद्युतीय छ। यो कारले ठाडो उडान र अवतरण गर्छ। यससँगै, आगामी दशकहरूमा सहरी गतिशीलतामा क्रान्तिकारी परिवर्तन ल्याउने नवप्रवर्तनको अपेक्षा यसबाट गरिएको छ। यसको निर्माण गर्ने चीनको ईभीटीओएल प्रविधि द्रुत गतिमा विश्वव्यापी नेतृत्वको रूपमा देखा परेको छ। चीनका केही कम्पनीहरूले उड्ने कारहरू निर्माण गरेसँगै त्यहाँका नागरिकले उड्डयन प्रशासनबाट परीक्षण उडान स्वीकृतिहरू पनि प्राप्त गरिसकेका छन् ।

नेपालमा उड्ने कार सञ्चालनको नीतिगत व्यवस्था नभएको जनाउ नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष करण चौधरीले दिए। अहिले भने प्रदर्शनीमा मात्रै राख्न लागिएको उनले जानकारी दिए। उनी भन्छन्, 'नेपालमा यस्तो कारका लागि नीति बनाउनु जरुरी छ। भविष्यमा यसबारे पनि ध्यान जानुपर्छ।'

# महालक्ष्मी विकास बैंक र भारतको एचडीएफसीबिच बैंकिङ समझदारी




काठमाडौं । महालक्ष्मी विकास बैंक र भारतको एचडीएफसी बैंकबीच सीमापार वित्तीय सेवाहरूलाई प्रवर्द्धन गर्न तथा भारतबाट नेपालमा भुक्तानी सम्बन्धी कार्य गर्न समझदारी भएको छ । समझदारी अन्तर्गत महालक्ष्मी विकास बैंकले ग्राहकहरूले भारतबाट नेपालमा भुक्तानी गर्ने मिल्ने प्रणाली सञ्चालनमा ल्याएको हो । यसरी भारतबाट नेपालमा भुक्तानी प्रणाली सञ्चालन गर्ने महालक्ष्मी विकास बैंक पहिलो विकास बैंक बनेको छ । दुवै बैंकले सम्पूर्ण प्रक्रियागत कार्य गरी परीक्षण कारोबार समेत गरिसकेका छन् ।

यस अन्तर्गत महालक्ष्मी विकास बैंकको एचडीएफसी बैंकले प्रयोग गर्दै आइरहेको अत्याधुनिक क्यास म्यानेजमेन्ट सेवाअन्तर्गत सीएमएस चेक कलेक्सन र इलेक्ट्रोनिक क्यास म्यानेजमेन्ट सेवामा पहुँच प्राप्त हुनेछ । यसले गर्दा कुनै पनि व्यक्ति वा संस्थाले भारतबाट विभिन्न इलेक्ट्रोनिक माध्यमहरु जस्तै नेशनल इलेक्ट्रोनिक फण्ड ट्रान्सफर, रियल टाईम ग्रस सेटलमेन्ट र फण्ड ट्रान्सफरको प्रयोग गरी भारतको एचडीएफसी बैंकमार्फत नेपालमा रहेको महालक्ष्मी विकास बैंकको खातामा सिधै रकम जम्मा गर्न सक्नेछन् । साथै, भारतमा रहेका अन्य बैंकहरुको चेक जम्मा गरेर समेत नेपाल पैसा पठाउन सकिनेछ ।

# युनाईटेड इदी मर्दीले १:१ अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने

काठमाडौं । युनाईटेड इदी मर्दी एण्ड आरबि हाइड्रोपावर लिमिटेडले हकप्रद सेयर निष्कासन गर्ने भएको छ । १:१ अनुपातमा हकप्रद शेयर निष्कासन गर्नको लागि कम्पनीले ग्लोबल आइएमई क्यापिटललाइ बिक्री प्रबन्धकमा नियुक्त गरेको छ । त्यसका लागि गत बुधबार (साउन १४ गते) द्विपक्षीय सम्झौता सम्पन्न भएको छ ।

सम्झौतापत्रमा युनाईटेड इदी मर्दीका तर्फबाट प्रबन्ध निर्देशक रोशन के.सी. र ग्लोबल आइएमई क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत मन्दिप लुईंटेलले हस्ताक्षर गरेका छन् । कम्पनीको अधिकृत पूँजी १ अर्ब रुपैयाँ रहको छ । हकप्रद जारी गरेपछि चुक्ता ९२ करोड १६ लाख रुपैयाँ पुग्नेछ ।

कास्की पोखरामा रजिष्टर्ड कार्यालय र कुपण्डोल, ललितपुरमा सम्पर्क कार्यालय रहेको यस कम्पनीद्वारा प्रर्बद्धित मर्दीखोला जलविद्युत आयोजना (७ मेगावाट) को आयोजनास्थल कास्की जिल्लाको माछापुच्छ्रे गाउँ पालिका-८ र ९ मा रहेको छ । कम्पनीले उक्त आयोजनाबाट २०७६ साल आश्विनदेखि व्यवसायिक रुपमा उत्पादन शुरु गरी आयोजना पूर्ण रुपमा सञ्चालनमा आएको छ । साथै, यस कम्पनीले हकप्रद सेयर जारी गरी सो बाट प्राप्त रकमलाई अन्य जलविद्युत परियोजनामा लगानी गर्ने योजना समेत बनाएको छ ।

# नेपाल एसबिआई बैंकलाई अन्तर्राष्ट्रिय अवार्ड




काठमाडौं । नेपाल एसबिआई बैंक लिमिटेडले हालै अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्ठित अवार्डहरू हात पारेको छ । योसँगै बैंकले आफूलाई डिजिटल नवप्रवर्तन र ग्राहक केन्द्रित सेवाप्रति आफ्नो प्रतिबद्धता प्रमाणित गरेको छ । बैंकले लण्डनस्थित क्यापिटल फाइनान्स इन्टरनेसनलबाट 'च्याम्पियन इन मोडर्न बैंकिङ्ग इनोभेसन नेपाल २०२५' को उपाधि प्राप्त गरेको छ । उक्त अवार्डले बैंकको डिजिटल रुपान्तरण र नवप्रवर्तनमाथिको लगानीलाई अन्तर्राष्ट्रिय मान्यता दिएको हो ।

त्यस्तैगरी, सिंगापुरस्थित एशियन बैंकिङ्ग एण्ड फाइनान्सद्वारा आयोजित होलसेल बैंकिङ्ग अवार्ड २०२५ अन्तर्गत बैंकले 'नेपाल डोमेस्टिक डिजिटल ट्रान्सफर्मेसन बैंक अफ द इयर' र 'नेपाल डोमेस्टिक टेक्नोलोजी एण्ड अपरेसन्स बैंक अफ द इयर' अवार्ड जित्न सफल भएको छ । साथै, रिटेल बैंकिङ्ग अवार्ड २०२५ अन्तर्गत 'डिजिटल बिजनेस बैंकिङ्ग इनिसियटिभ अफ द इयर-नेपाल' र 'एसएमई बैंक अफ द इयर- नेपाल' को अवार्ड समेत बैंकले प्राप्त गरेको छ ।

यी चारवटा अवार्ड तथा सिएफआईको सम्मान बैंकले प्रदान गर्दै आएको होलसेल तथा रिटेल बैंकिङ्ग सेवाहरूमा देखिएको डिजिटल रूपान्तरण, प्रविधिमा आधारित सेवा विस्तार, र नवप्रवर्तनप्रतिको अटल प्रतिबद्धता झल्काउँछ । बैंकले ३२ वर्षदेखि नेपाली वित्तीय बजारमा सेवा दिँदै आइरहेको छ । हाल बैंकका देशभर १०१ शाखा, २२ एक्स्टेन्सन काउन्टर, २० शाखारहित बैंकिङ्ग इकाइ, ७ प्रादेशिक कार्यालय, १२५ एटिएम र १ कर्पोरेट कार्यालय सञ्चालनमा छन् ।

# एनसेलद्वारा भोल्टे रोमिङ सेवा सुरु

काठमाडौं । नेपाल भ्रमणमा आउने विदेशी पर्यटकहरू र नेपाल बाहिर जाने आफ्ना ग्राहकहरूको लागि एनसेलले ' भ्वाइस ओभर लङ टर्म इभोल्युसन' (भोल्टे) अन्तर्राष्ट्रिय रोमिङ सेवा सुरु गरेको छ। यस किसिमको सेवा सुरु गर्ने एनसेल पहिलो नेपाली टेलिकम कम्पनी बनेको हो।

यस सेवा सुरु भएपछि अब एनसेलका ग्राहकहरूले विदेश यात्रा गर्दा पनि स्पष्ट आवाजमा फोन कुराकानी गर्न र उच्च गतिको डेटा सेवा प्रयोग गर्दै सधैं अनलाइन रहन सक्नेछन्। एनसेलले यसअघि नै नेपाल आउने विदेशी पर्यटकहरूका लागि इनबाउन्ड भोल्टे रोमिङ सेवा उपलब्ध गराउँदै आएको थियो। अब भने कम्पनीले सेवा विस्तार गर्दै भारत जाने आफ्ना ग्राहकहरूको लागि पनि सोमबारदेखि एयरटेलसँगको साझेदारीमा आउटबाउन्ड भोल्टे रोमिङ सेवा सुरु गरेको हो।

भोल्टे प्रविधिले फोरजी नेटवर्कमार्फत तीव्र र स्थिर जडान सहित उच्च गुणस्तरको आवाज र एचडी कल सुविधा प्रदान गर्दछ। यसले गर्दा एनसेलका ग्राहकहरूले पहिलेको भन्दा अझ परिस्कृत अनुभव लिन सक्नेछन्। एनसेलले पर्यटन, व्यापार वा अध्ययनको सिलसिलामा नेपाल आउने सबै ग्राहकलाई उत्कृष्ट डेटा तथा भ्वाइस सेवाको अनुभव दिन प्रतिवद्धता जनाएको छ। कम्पनीले भारत भ्रमण गर्ने ग्राहकहरूलाई सेवा प्रदान गर्न एयरटेलसँग साझेदारी गर्न पाएकोमा खुसी व्यक्त गरेको छ। साथै, अन्य अन्तर्राष्ट्रिय मोबाइल सेवा प्रदायकहरूसँग पनि भोल्टे रोमिङ सेवा विस्तार गर्न परीक्षणको क्रम जारी रहेको बताएको छ।

कम्पनीका अनुसार, भारतको जियो र भोडाफोन, अमेरिकाको एटी एन्ड टी, टी मोबाइल र भरिजोन, जापानका सफ्टबैंक र एनटीटी डोकोमो, चीनको चाइना मोबाइल र चाइना युनिकम, र क्यानडाको बेल तथा टेलस जस्ता प्रमुख मोबाइल सेवा प्रदायकहरूसँग आउटबाउन्ड रोमिङ सेवा परीक्षण भइरहेको छ।

इनबाउन्ड सेवाको हकमा एनसेलले भारतका एयरटेल र जियो, चीनको चाइना मोबाइल, कुवेतको ओरेडू, साउदी अरेबियाको मोबिली, अमेरिकाको एटी एन्ड टी, र भियतनामको भियटेलका ग्राहकहरूलाई भोल्टे रोमिङ सेवा प्रदान गर्दै आएको छ।

# सागर डिष्टिलरीले साउन २८ गते देखि आइपीओ निष्काशन गर्ने

काठमाडौं । सागर डिष्टिलरी लिमिटेडले साउन २८ गतेदेखि आइपीओ निष्काशन तथा बिक्री खुला गर्ने भएको छ । कम्पनीले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि आईपीओ निष्काशन गर्न लागेको हो। कम्पनीले जारी पूँजी ७२ करोड ६० लाख रुपैयाँको २० प्रतिशतले हुन आउने १४ करोड ५२ लाख रुपैयाँ बराबरको १४ लाख ५२ हजार कित्ता आईपीओ निष्काशन गर्ने अनुमति पाएको थियो। सोमध्ये १० प्रतिशतले हुन आउने अर्थात १ करोड ४५ लाख २० हजार रुपैयाँबराबरको प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यका १ लाख ४५ हजार २०० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि निष्काशन गर्न लागेको हो।

आइपीओमा भदौ १ गतेसम्म आवेदन दिन सकिनेछ। सो अवधिभित्र पर्याप्त आवेदन नपरेमा भदौ ११ गतेसम्म आवेदन दिन सकिनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले न्यूनतम १० कित्ताका लागि आवेदन दिनु पर्नेछ भने अधिकतममा ७ हजार कित्ताका लागि आवेदन दिन सक्नेछन्।

आइपीओ निष्काशनका लागि गराएको रेटिङ्गमा इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपालले कम्पनीलाई आईआरएन सिंगल बी प्लस इस्यूअर रेटिङ्ग प्रदान गरेको छ। यसले कम्पनीको समयमा वित्तीय दायित्व पूण गर्न सक्ने अवस्थामा उच्च जोखिम रहेको संकेत गर्दछ। कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड रहेको छ। वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्बा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि-आस्बा प्रणालीमार्फत आवेदन दिन सक्नेछन्।

# आईएमई लाइफका बीमितलाई ओम हस्पिटलमा १० प्रतिशत छुट



काठमाडौं । आईएमई लाइफ इन्स्योरेन्स कम्पनीका बीमित, अभिकर्ता तथा कर्मचारीहरूले अब ओम हस्पिटलमा उपचार सेवा लिँदा विशेष छुट सुविधा पाउने भएका छन्। कम्पनी र ओम हस्पिटलबीच भएको सहकार्यअनुसार बीमितहरूलाई अस्पतालको सेवा शुल्कमा १० प्रतिशत छुट प्रदान गरिने भएको हो।

साथै, ओम हस्पिटलमा उपलब्ध हेल्थ चेकअप प्याकेजहरूमा पनि विशेष सहुलियत प्रदान गरिने कम्पनीले जानकारी दिएको छ। छुट सुविधा लिनका लागि बीमितहरूले कम्पनीको मोबाइल एपमा रहेको प्रिभिलेज कार्ड देखाउनुपर्नेछ। यस्तै, अभिकर्ता तथा कर्मचारीहरूले कम्पनीले जारी गरेको आधिकारिक परिचयपत्र पेश गरेर छुट सुविधा प्राप्त गर्न सक्नेछन्।

# मुक्तिनाथ म्युचुअल फन्ड–१ को लाभांश घोषणा

काठमाडौं । मुक्तिनाथ म्युचुअल फन्डअन्तर्गत सञ्चालित हुने मुक्तिनाथ म्युचुअल फन्ड-१ को आर्थिक वर्ष २०८१।८२ का लागि लाभांश घोषणा गरिएको छ।

योजना व्यवस्थापक मुक्तिनाथ क्यापिटलको सञ्चालक समितिको बैठकले उक्त म्युचुअल फन्डका इकाइधनीहरुलाई गत आर्थिक वर्षको मुनाफाबाट ३.८० (करसहित) नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो।

लाभांश वितरणका लागि क्यापिटलले साउन ३० गते बुक क्लोज गर्ने निर्णय गरेको छ। यसको अर्थ साउन २९ गतेसम्म कायम इकाइधनीहरुमात्रै यो योजनाको लाभांश पाउन योग्य हुनेछन्।

# सन नेपाल लाइफको शेयर रजिस्ट्रारमा नेपाल एसबीआई मर्चेन्ट

काठमाडौं । सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको शेयर रजिस्ट्रारमा पुनः नेपाल एसबीआई मर्चेन्ट बैंकिङ नियुक्त भएको छ।

सन नेपाल लाइफको आरटीएससम्बन्धी कार्य गर्न नेपाल एसबीआई मर्चेन्ट बैंकिङ शेयर रजिस्ट्रारमा नियुक्त गरिएको हो। यो नियुक्ति भदौ १ गतेदेखि लागू हुने सन नेपाल लाइफले जनाएको छ। यसअघि पनि नेपाल एसबीआई मर्चेन्ट बैंकिङले नै सन नेपाल लाइफको आरटीएससम्बन्धी कार्य गर्दै आएको थियो।

# मुक्तिनाथ विकास बैंकका ग्राहकलाई 'एमएन अस्पताल'मा विशेष छुट

काठमाडौं । मुक्तिनाथ विकास बैंकले आफ्ना ग्राहकहरुलाई थप सुविधा प्रदान गर्ने उद्देश्यले काठमाडौंको, बसुन्धरामा रहेको एमएन अस्पतालसँग विशेष छुट गर्ने गरी व्यवसायिक सम्झौता गरेको छ । यस व्यवसायिक सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका ग्राहकहरुले एमएन अस्पतालबाट प्रदान हुने विभिन्न सेवाहरु जस्तै अपरेसन, प्रयोगशाला, एक्स-रे, औषधी, आदिमा १५ प्रतिशत सम्म छुट प्राप्त गर्न सक्नेछन्। यस प्रकारको सहकार्यबाट ग्राहकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा सरल, सुलभ र कफायती रुपमा प्राप्त हुने विश्वास बैंकले लिएको छ। बैंकले आगामी दिनहरूमा पनि आफ्ना ग्राहकहरूको हितमा यस्ता सेवामूलक साझेदारहरू विस्तार गर्दै लैजाने प्रतिबद्धता जनाएको छ ।

बैंकले हालै मोवाईल एक फाइदा अनेक लिन सक्ने मुक्तिनाथ फाइदा एप संचालनमा ल्याउनुको साथै अन्तरदेशीय क्यूआर भुक्तानी सेवा पनि संचालनमा ल्याएको छ । त्यसै गरी मोबाईल बैंकिङ्ग, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिङ्ग, खाता मै रेमिट्यान्स जम्मा लगाएतका अन्य कार्यहरु बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरिएको छ ।

# एनआईसी एशियाका ग्राहकलाई फ्रन्टलाइन हस्पिटलमा १०% छुट



काठमाडौं । एनआईसी एशिया बैंकका ग्राहकहरुलाई नोबल कलेज अफ हेल्थ एण्ड एजुकेसन फाउन्डेसन प्रा.लि.– फ्रन्टलाइन हस्पिटलका विभिन्न सेवाहरुमा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा बैंक र हस्पिटलबीच सम्झौता सम्पन्न भएको छ । यस समझदारीसँगै यस बैंकका ग्राहक महानुभावहरुले पुरानो बानेश्वर, काठमाडौंमा रहेको फ्रन्टलाइन हस्पिटलमा विभिन्न सेवा लिई डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुट प्राप्त गर्न सक्नुहुनेछ । उक्त सम्झौता पत्रमा यस बैंकका तर्फबाट डिजिटल पेमेन्ट इकोसिस्टम प्रमुख बिमल लम्साल र फ्रन्टलाइन हस्पिटलका तर्फबाट क्लिनिकल प्रेसिडेन्ट डा. योगेश न्यौपानेले हस्ताक्षर गरेका छन् ।

उक्त सुविधाको उपभोग गर्न ग्राहकहरुले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैंक एपमार्फत भुक्तानी गर्नुपर्ने छ । फ्रन्टलाइन हस्पिटलसँगको यस सहकार्यले यस बैंकका ग्राहक महानुभावहरुलाई स्वास्थ्य उपचारमा सहयोग पुग्नुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

# नबिल बैंकलाई 'एशियन बैंकिङ एण्ड फाइनान्स अवार्डस्' मा दुई उपाधि

काठमाडौं । नबिल बैंकले 'एशियन बैंकिङ एण्ड फाइनान्स अवार्डस्, २०२५' मा दुई प्रतिष्ठित उपाधि जितेको छ। बैंकले 'साइबर सेक्युरिटी इनोभेसन अवार्ड नेपाल' र 'नेपाल डोमेस्टिक प्रोजेक्ट फाइनान्स बैंक अफ द इयर' अवार्ड प्राप्त गरेको हो। बैंकले जारी गरेको विज्ञप्तिअनुसार अत्याधुनिक प्रविधि, उत्कृष्ट सेवा, र ग्राहक तथा सरोकारवालाहरूप्रतिको प्रतिबद्धताका कारण यी अवार्डहरू प्राप्त भएका हुन्।

नबिल बैंकले डिजिटल सुरक्षालाई उच्च प्राथमिकता दिँदै सुरक्षित, भरपर्दो र सहज बैंकिङ अनुभव प्रदान गर्न अपनाएको रणनीतिका लागि 'साइबर सेक्युरिटी इनोभेसन अवार्ड' प्राप्त गरेको हो। यसैगरी, देशका महत्त्वपूर्ण पूर्वाधार तथा विकास आयोजनाहरूमा वित्तीय साझेदारी गरेकोले बैंकलाई 'नेपाल डोमेस्टिक प्रोजेक्ट फाइनान्स बैंक अफ द इयर' को उपाधि दिइएको हो। बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले यी अवार्डहरू सम्पूर्ण टिमको परिश्रम र नवप्रवर्तनप्रतिको समर्पणको परिणाम भएको बताएका छन्।

उनले ग्राहक, साझेदार र सरोकारवालाहरूलाई आभार व्यक्त गर्दै भविष्यमा पनि सुरक्षित र स्मार्ट बैंकिङ सेवामार्फत नेपाली बैंकिङ क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे।

# इप्पानले सार्वजनिक गऱ्यो 'पावर समिट, २०२५' को लोगो

काठमाडौं । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)ले 'पावर समिट,२०२५'को लोगो सार्वजनिक गरेको छ । आगामी असोज २९ र ३० गते (१५-१६ अक्टोबर,२०२५) काठमाडौंमा आयोजना हुन लागेको नवौ संस्करणको पावर समिटको लागि नेपालको समग्रह ऊर्जा क्षेत्रलाई दर्शाउने दृश्यसहितको लोगो सार्वजनिक गरिएको हो । "मिसन २८ हजार ५०० मेगावाटः पावरिङ नेपाल, इनर्जाइजिङ रिजन" भन्ने मुल नारा सहित आयोजना हुन लागेको समिटको लोगोमा नेपालको ऊर्जा क्षेत्रमा भइरहेको तीव्र विकास र भविष्यको उच्चस्तरको सम्भावना देखाइएको छ । यसको मूलखण्डमा रहेको हरियो पातजस्तै संरचनाले दिगोपनको संकेत गरेको छ भने, यहाँबाट नेपालको ऊर्जा उत्पादनका विभिन्न स्रोतहरू जस्तो जलविद्युत, सोलार, वीन लगायत पनि देखाइएको छ ।

लोगोमा ठूलो आकारमा देखाइएको जलविद्युत आयोजनाले नेपालको विशाल जलस्रोत क्षमता र स्वच्छ ऊर्जाको मुख्य आधार नै जलविद्युत हो भन्ने दर्शाउँछ । यसको छेउमा देखिएका आधुनिक ब्याट्री ऊर्जा भण्डारण प्रणालीहरूले नेपालको ऊर्जा सुरक्षातर्फको यात्रालाई झल्काएको छ । त्यस्तै, सौर्य ऊर्जा लगायतले नवीकरणीय ऊर्जातर्फको विविधिकरणको पनि एकसाथ संकेत गरेको छ ।

पहाड र हिमालभरी देखिएका प्रसारण लाइनले नेपालमको विद्युत सीमापारका बजारमा विक्री गर्ने अन्तरदेशिय विद्युत व्यापारको तयारीलाई झल्काएको छ । विद्युतीय सवारी चार्जिङ स्टेशन, औद्योगिक क्षेत्र र सडक बत्तीहरूले उत्पादन भएको ऊर्जा देशका विभिन्न क्षेत्रमा कसरी प्रयोग भईरहेको छ भन्ने देखाएको छ । लोगोमा प्रयोग भएका यी कुराले नेपाललाई ऊर्जामा आत्मनिर्भर बनाउँदै दक्षिण एशियाली क्षेत्रलाई ऊर्जा निर्यात गर्ने सम्भावनातर्फ लैजाने राष्ट्रको दुरदर्शी यात्रालाई प्रतिबिम्बित गरेका छन्। पावर समिटको संरक्षकत्व ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयले गरेको छ भने कन्ट्रि पार्टनरका रुपमा भारतीय राजदूतावास रहेको छ । समिटमा १० वटा विभिन्न समसामयिक सत्रहरुमा छलफल हुनेछ भने ३० देशका १ हजार भन्दा बढी प्रतिनिधिहरुको सहभागीता रहने अनुमान गरिएको छ ।

# मन्जुश्री फाइनान्सले सार्वजनिक गऱ्यो भिडियो केवाइसी सेवा

काठमाडौं । मन्जुश्री फाइनान्स लिमिटेडले आफ्ना ग्राहकवर्गको सुबिधालाई मध्येनज़र गर्दै भिडियो केवाइसी सेवा सार्वजनिक गरेको छ । डिजिटल क्षेत्रमा ग्राहक वर्गलाई सहज बैंकिंगको सुबिधाको साथै ग्राहकको समय बचत गराउने उधेश्यले भिडियो केवाइसी सोलुसनको सुरुवात गरिएको हो । मन्जुश्री इनोभेसन तथा डिजिटल एडप्सनको क्षेत्रमा अव्वल स्थानमा आफ्नो पहिचान बनाउदै गरेको फाइनान्स कम्पनी हो । टिच सभ्य ग्राहक तथा बिदेशमा रहेका नेपालीहरुलाई मध्येनज़र गर्दै फाइनान्सले सो सुबिधाको सुरुवात गरेको हो । अब खाता अपडेट गर्नको लागि बैंकको शाखा पुग्नु पर्ने बाध्यतालाई हटाउनको लागि सो सुबिधाको सुरुवात भएको हो ।

हालसम्म करिब २३ अर्ब निक्षेप संकलन गरि करिब १८.६ अर्ब कर्जा परिचालन गरेको यसे मन्जुश्री फाइनान्सले निक्षेपमा आकर्षक ब्याजदर तथा सुलभ दरमा कर्जा प्रबाह गर्दै आइरहेको छ। फाइनान्सले हालसम्म २७ ओटा शाखाका साथै एउटा बिस्तारित काउन्टरबाट आफ्नो ग्राहकहरुलाई उत्कृष्ट बैंकिंग सेवा उपलब्ध गराईरहेको छ । हालको मिति सम्म १ लाख ५० हजार भन्दा बढी सन्तुष्ट ग्राहकहरुलाइ सेवा पुर्याउदै आइरहेको मन्जुश्री फाइनान्स, देशकै अग्रणी फाइनान्स कम्पनीको रुपमा रहेको छ ।

# प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सको वार्षिक समिक्षा तथा गोष्ठी सम्पन्न



काठमाडौं । प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडले २ दिने वार्षिक समिक्षा तथा चालु आर्थिक वर्षको रणनीतिक योजना तर्जुमा गोष्ठी सम्पन्न गरेको छ। गोष्ठी यही श्रावण १६ र १७ गते काठमाडौंस्थित होटल रोयल भिल्ला शिवपुरीमा आयोजना गरिएको हो। कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत, महाप्रवन्धक, विभिन्न विभागका प्रमुखहरू, तथा देशभरका शाखा प्रवन्धकहरूको सक्रिय सहभागिता रहेको थियो।

गोष्ठीमा कम्पनीले आर्थिक वर्ष २०८१/८२ को प्रगति विवरण प्रस्तुत गर्दै, हासिल गरिएका उपलब्धिहरूको समिक्षा गरिएको थियो। साथै, चालु आर्थिक वर्ष २०८२/८३ का लागि तय गरिएका रणनीतिहरू र लक्ष्यहरू सम्बन्धमा विस्तृत छलफल गरिएको थियो। प्रमुख कार्यकारी अधिकृत नरेश कुमार रोकाले कम्पनीको आ व २०८१/८२ को वार्षिक लक्ष्य पूरा गर्न महत्वपूर्ण योगदान दिनुहुने कर्मचारीहरुलाई धन्यवाद दिदै कम्पनीले बीमाशुल्कको लक्ष्य मात्र पुरा गरेको नभई कम्पनीको समग्र अवस्थामा राम्रो प्रगती गरेको र कम्पनीको लक्ष्य बमोजिम ग्राहक सन्तुष्टि अभिवृद्धि गर्ने कार्यमा समेत जोड दिनु दिए । साथै, नियमनकारी निकायको निर्देशनहरुको पूर्ण पालना गर्दै कर्मचारीहरूको भूमिकालाई अझ प्रभावकारी बनाउने उपायहरूमा समेत सुझावहरू संकलन गरिएको थियो ।

गोष्ठीमा शाखास्तरीय चुनौतीहरू, बीमा सचेतना अभिवृद्धि कार्यक्रम, नविनतम बीमालेखहरु, डिजिटल पहुँच विस्तार र जोखिम व्यवस्थापन लगायतका महत्वपूर्ण विषयहरूमा समेत गहन छलफल भएको थियो। कार्यक्रमको समापन सत्रमा सहभागीहरूले आ-आफ्नो अनुभूतिका आधारमा, सुझाव र आगामी कार्ययोजनालाई प्रभावकारी बनाउने रणनीति प्रस्तुत गरेका थिए। प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त निर्जीवन लघु बीमा कम्पनी हो, जसले मुख्यतः न्यून आयस्तर भएका समुदाय, विपन्न वर्ग तथा ग्रामीण क्षेत्रका नागरिकहरूलाई बीमा सेवा प्रदान गर्दै आएको छ। कम्पनीले सस्तो बीमा शुल्क, सरल प्रक्रिया र ग्रामीण पहुँचमा आधारित सेवा वितरण प्रणालीमार्फत बीमा पहुँच अभिवृद्धि गर्दै आएको छ ।

२०७९ सालमा स्थापना भएको प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सले स्थापनाको छोटो अवधीमा पनि पूर्वमा पाँचथर देखि पश्चिम दार्चुला सम्म गरी ३३ वटा कार्यालयहरु स्थापना गर्दै ग्राहकहरूमाझ लघुबीमा मार्फत वित्तीय सुरक्षाको भावना विकास गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

# कामना सेवा विकास बैंक र स्काइ वाकबीच छुट सम्झौता

काठमाडौं । कामना सेवा विकास बैंक र काठमाडौं कमलादीस्थित स्काइ वाकबीच सेवा शुल्कमा विशेष छुट दिने सम्झौता सम्पन्न भएको छ । सम्झौता अनुसार, बैंकका ग्राहक तथा कर्मचारीहरूले स्काइ वाकको टिकट रकममा २५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् । यो सुविधा लिन ग्राहकहरूले बैंकसँगको सम्बन्ध प्रमाणित गर्ने कागजात देखाउनुपर्नेछ। बैंकले उक्त सहकार्यले आफ्ना सेवाग्राहीहरूलाई मनोरञ्जन तथा विश्रामसँग जोडिएको नयाँ अनुभव प्रदान गर्नुका साथै विशेष लाभ दिलाउने विश्वास व्यक्त गरेको छ । सम्झौतामा बैंकको तर्फबाट काठमाडौं क्षेत्र प्रमुख केदारनाथ शर्मा र स्काइ वाकका विभागीय प्रमुख दुष्यन्त ठाकुरले हस्ताक्षर गरेका छन् ।

# सानिमा बैंक र पाटन अस्पतालबीच आर्थिक सहयोग गर्ने सम्झौता



काठमाडौं । सानिमा बैंक लिमिटेड र पाटन अस्पतालबीच विपन्न महिलाहरुको उपचारका लागि आर्थिक सहयोग गर्ने सम्झौता पत्रमा हस्ताक्षर भएको छ। उक्त सम्झौता पत्र अन्तर्गत आगामी १ वर्षका लागि सानिमा बैंकले न्युन आर्थिक अवस्था भएका महिलाहरुको उपचारका लागि उक्त अस्पताललाई आर्थिक सहयोग उपलब्ध गराउनेछ । बैंकले २०७४ सालदेखि विपन्न महिलाहरुको उपचारका लागि उक्त अस्पताल मार्फत आर्थिक सहयोग गर्दै आइरहेको छ।

सानिमा बैंकले प्रत्येक "नारी बचत खाता" खोले बापत बैंकको तर्फबाट मासिक रु. १ को दरले नारी राहत कोषमा रकम जम्मा गर्दै आएको छ । सो कोषमा जम्मा भएको रकम देशभरका विभिन्न अस्पताल मार्फत विपन्न नारीहरुको उपचारमा सहयोग गर्दै आएको छ।

पाटन अस्पतालको परिसरमा आयोजित एक कार्यक्रममा पाटन अस्पतालका निर्देशक डा. रवि शाक्य र सानिमा बैंकका प्रमुख निक्षेप अधिकृत हेमराज संज्यालले उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्। सानिमा बैंकको देशका सातै प्रदेशमा १३४ कार्यालय र १२७ वटा ए.टि.एम. संचालनमा रहेका छन्।

# कजारियाको नयाँ शोरूम काभ्रेको बनेपामा उद्घाटन



काठमाडौं । भारतको नम्बर १ टायल कम्पनी, कजारियाले नेपालमा आफ्नो उपस्थिति अझ मजबुत बनाउँदै बनेपा, काभ्रेपलान्चोकमा अत्याधुनिक शोरूम उद्घाटन गरेको छ। बनेपा मार्बल प्यालेस द्वारा सञ्चालित यस शोरूमले उच्च गुणस्तरका टायलहरूको बढ्दो मागलाई पूरा गर्ने लक्ष्य राखेको छ।

उद्घाटन समारोहमा प्रमुख अतिथिको रूपमा बनेपा नगरपालिका प्रमुख श्री शान्ति रत्न शाक्य ज्यूको उपस्थिति रहेको थियो। साथै, कजारिया रमेश टाइल्स लिमिटेडका राष्ट्रिय सेल्स प्रबन्धक अभ्यास भुषण तिवारीको उपस्थितिले कार्यक्रमलाई थप गौरवमय बनायो। यस अवसरलाई विशेष बनाउन, प्रमुख अतिथिले रिबन काटेर यस महत्वपूर्ण विस्तारको शुभारम्भ गरे ।

समारोहलाई सम्बोधन गर्दै अध्यक्ष शान्ति रत्न शाक्यले नयाँ शोरूमको उद्घाटनप्रति आफ्नो उत्साह व्यक्त गरे। उनले भने, "कजारिया जस्तो प्रतिष्ठित ब्रान्ड बनेपामा आउनु हाम्रो शहरका लागि गर्वको कुरा हो। यस नयाँ शोरुमले हाम्रो क्षेत्रमा बढ्दो सम्भावनाको प्रतिबिम्ब देखाउँछ र स्थानीय समुदायको गुणस्तरीय पूर्वाधार तथा डिजाइन आवश्यकतामा महत्वपूर्ण योगदान पुऱ्याउनेछ।"

बनेपाको प्रमुख क्षेत्र उग्रचण्डी पेट्रोल पम्प पछाडि अवस्थित यो नयाँ शोरूमले प्रिमियम टायलहरूको विस्तृत संग्रह प्रदान गर्दछ, जसले ग्राहकहरूलाई सजिलो पहुँच र सुविधा सुनिश्चित गर्दछ। यसको विस्तारसँगै, कजारिया उच्च गुणस्तर र डिजाइनका नयाँ मापदण्डहरू सेट गर्ने आफ्नो मिशनलाई निरन्तर अघि बढाउँदै नेपालका निर्माण सामग्रीको क्षेत्रमा आफ्नो नेतृत्वलाई बलियो बनाउँदै छ। प्रिमियम टाइल्सलाई नेपालभर सहजै उपलब्ध गराउने आफ्नो लक्ष्यलाई निरन्तरता दिँदै यो शोरुमको शुभारम्भ कजारियाको लागि महत्वपूर्ण उपलब्धि हो ।

कजारिया रामेश टाइल्स लिमिटेडले नेपालकै सबैभन्दा ठूलो टाइल उत्पादन प्लान्ट स्थापना गरेर नेपालको टायल उद्योगमा नयाँ कीर्तिमान स्थापित गरेको छ। विश्वस्तरीय मापदण्ड अनुसार तयार गरि अत्याधुनिक प्रविधिद्वारा निर्मित काजारिया रामेश टाइल्स लिमिटेडले आधुनिक सजावटका बदलिँदो रुचिहरूलाई ध्यानमा राख्दै ३,००० भन्दा बढी विशेष डिजाइन विकल्पहरू प्रस्तुत गर्दछ।

नेपालभर ४५ भन्दा बढी एक्सक्लुसिभ शोरूमहरू र १०० भन्दा बढी भरपर्दो डिलरहरूको बढ्दो नेटवर्कको साथ, कजारिया प्रिमियम टाइल्सको क्षेत्रमा एक परिचित नाम बन्न सफल भएको छ। कजारियाले विभिन्न प्रकारका ग्लेज्ड भिट्रीफाइड टाइल्स (६०x१२० सेमी, ६०x६० सेमी, १९.५x१२० सेमी), हेभी ड्युटी ग्लेज्ड भिट्रीफाइड टाइल्स (४०x४० सेमी) र सिरामिक वाल टाइल्स (३०x६० सेमी, ३०x४५ सेमी) उपलब्ध गराउँछ। यी सबै टायलहरू जलप्रतिरोधी तथा दाग प्रतिरोधी छन्, जसले कुनै पनि स्थानका लागि उत्कृष्ट टिकाउपन र दीर्घकालीन प्रदर्शन सुनिश्चित गर्दछ। गुणस्तर, टिकाउपन र नविन डिजाइनमा केन्द्रित रहँदै, कजारिया नेपालमा लक्जरी जीवनशैलीको नयाँ मापदण्ड स्थापित गर्दै अघि बढिरहेको छ।

# व्यवसाय विस्तारसँग माछापुच्छ्रे बैंकको नाफा दोब्बरले बढेर २ अर्ब नाघ्यो




काठमाडौं । व्यवसाय विस्तारसँगै आम्दानीमा भएको वृद्धि र सम्भावित कर्जा नोक्सानी व्यवस्था घट्दा माछापुच्छे बैंकको नाफा उल्लेख्य बढेको छ । बैंकले गत आर्थिक वर्ष २०८१/८२ मा २ अर्ब १ करोड १५ लाख रुपैयाँ नाफा आर्जन गरेको हो जुन अघिल्लो आर्थिक वर्ष २०८०/८१ को १ अर्ब ४ करोड ५२ लाख भन्दा ९२.४५ प्रतिशतले बढेको हो ।

बैंकको गत आर्थिक वर्षमा निक्षेप १६.०९ प्रतिशतले बढेर १ खर्ब १४ अर्ब १८ करोड र कर्जा ११.७४ प्रतिशतले बढेर १ खर्ब ४१ अर्ब ६४ करोड पुगेको छ । बैंकको व्यवसाय बढेसँगै खुद ब्याज आम्दानी १५.४१ प्रतिशतले बढेर ५ अर्ब ७५ करोड ६७ लाख पुगेको छ । त्यस्तै खुद फि तथा कमिसन आम्दानी १८.१६ प्रतिशतले बढेर १ अर्ब २८ करोड ५२३ लाख पुगेको छ । यता कर्जा नोक्सानी व्यवस्थाको लागि छुट्याएको रकम अघिल्लो वर्षको भन्दा कम अर्थात् ३५ करोड ३८ लाख मात्रै हुँदा बैंकको सञ्चालन आम्दानीसँगै नाफा उल्लेख्य बढेको हो । अघिल्लो आवमा बैंकले कर्जा नोक्सानीको लागि १ अर्ब ३९ करोड ४२ लाख रुपैयाँ छुट्याएको थियो । आम्दानी बढेको र कर्जा नोक्सानी व्यवस्थालाई छुट्याएको रकम घटेसँगै बैंकको सञ्चालन नाफासँगै नाफा पनि बढेको हो । बैंकको सञ्चालन नाफा अघिल्लो वर्षको तुलनामा ९९.९१ प्रतिशतले बढेर ३ अर्ब ३३ करोड २ लाख रुपैयाँ पुगेको छ । गत आर्थिक वर्षमा बैंकको गैर सञ्चालन खर्च ४७ करोड ८३ लाख छ । यसले गर्दा सञ्चालन नाफाको तुलनामा बैंकको खुद नाफा बढेको छैन ।

रु. लाखमा

| | |
|---|---|
| Deposit | 184176 |
| Lending | 141636 |
| Net Interest Income | 5756 |
| Operation Profit | 3330 |
| Net Profit | 2011 |
| Distributable Profit | 1072 |
| Dividend Capacity | 9.23% |
| Return on Equity | 11.13% |
| Return on Assets | 0.99% |
| Tier I Ratio | 9.41% |
| CAR | 13.32% |
| EPS (Rs) | 17.30 |
| Networth per share (Rs) | 163.80 |
| Gross NPL Ratio | 3.83% |
| Net Interest Income | 5756 |
| CD Ratio | 80.62% |
| Base Rate | 6.30% |
| Interest Spread Rate | 3.87% |

११ अर्ब ६२ करोड १४ लाख चुक्ता पुँजी रहेको बैंकको सञ्चित नाफा १ अर्ब ७ करोड ६९ लाख रुपैयाँ छ । यस्तै जगेडा कोषमा ६ अर्ब ३१ करोड रुपैयाँ पुगेको छ । चुक्ता पूँजी नबढेको बैंकको नाफा बढेसँगै प्रतिसेयर आम्दानी ८ रुपैयाँ ९९ पैसाबाट बढेर १७ रुपैयाँ ३० पैसा पुगेको छ । त्यस्तै निष्कृय कर्जा सामान्य घटेर ३.८६ प्रतिशतबाट ३.८३ प्रतिशतमा झरेको छ । खुद निष्कृय कर्जा १.१९ प्रतिशत छ । बैंकको बक्यौता ब्याज २ अर्ब २ करोड र कर्जा नोक्सानीको लागि गरेको कुल प्रोभिजन ४ अर्ब ४६ करोड पुगेको छ । नाफा बढेर सञ्चित नाफा पनि बढ्दा बैंकको प्राथमिक पुँजीकोष अनुपात ९.४१ प्रतिशत पुगेको छ । बैंकको लगानीमा प्रतिफल ११.१३ प्रतिशत पुगेको छ । आधार दर ६.३० प्रतिशतमा झरेको छ भने मुल्य आम्दानी अनुपात १४.९९ प्रतिशत र प्रतिसेयर नेटवर्थ १६३ रुपैयाँ ८ पैसा पुगेको छ । बैंकको लाभांश क्षमता ९.२३ प्रतिशत छ ।

गत आर्थिक वर्षमा १ अर्ब ४४ करोड वितरणयोग्य नाफा आर्जन गरेपनि गत आवको सञ्चित घाटाले वितरणयोग्य नाफा १ अर्ब ७ करोड मात्रै छ । बैंकले गैर बैंकिङ सम्पत्ती बिक्री गर्दा रेगुलेटरी रिर्जभबाट ४६ करोड १४ लाख ब्याक गरेको छ । त्यस्तै उठ्न नसकेको बक्यौता ब्याज उठाएर २ अर्ब ९१ करोड नियाकमीय जगेडा कोषबाट सञ्चित नाफामा ट्रान्सफर भएको छ ।

# एक वर्षमा साढे १७ अर्बको बिजुली निर्यात, नेपाल बन्यो खुद निर्यातकर्ता




काठमाडौं । गत आर्थिक वर्ष २०८१/०८२ मा नेपालले भारत र बङ्गलादेशमा गरी साढे १७ अर्ब रुपैयाँभन्दा बढीको विद्युत् निर्यात गर्न सफल भएको छ । नेपालले गत वर्ष वैदेशिक बजारमा विद्युत् निर्यात बढाउँदा एक वर्षमै साढे १७ अर्ब रुपैयाँभन्दा बढीको विद्युत् निर्यात गर्न सफल भएको हो ।

नेपाल विद्युत् प्राधिकरणले आव २०८१/०८२ को अवधिमा भारतमा करिब १७ अर्ब १९ करोड रुपैयाँको विद्युत् निर्यात गरेको जनाएको छ । त्यस्तै, भारत पछि बङ्गलादेशमा पनि गत वर्ष २६ करोड ६७ लाख रुपैयाँ बराबरको विद्युत् बिक्री गरेको प्राधिकरणले जनाएको छ । निर्यातको कुल रकम १७ अर्ब ४६ करोड रुपैयाँ नाघेको छ । उक्त रकम अघिल्लो वर्षको तुलनामा उल्लेखनीय वृद्धि भएको ऊर्जा मन्त्रालयले जनाएको छ । अघिल्लो आर्थिक वर्षमा नेपालले भारतमा १६ अर्ब ९३ करोडको बिजुली निर्यात गरेको थियो ।

त्यस्तै, नेपालले अहिले भारतको विभिन्न राज्यहरूमा दैनिक ७ सय मेगावाटभन्दा बढी विद्युत् निर्यात गरिरहेको प्राधिकरणले जनाएको छ । ढल्केबर-मुजफ्फरपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइन तथा भारत-बङ्गलादेश सीमामा रहेको बेहरामपुर-भेडामारा लाइनमार्फत नेपाली विद्युत् बङ्गलादेशसम्म निर्यात भइरहेको छ । गत वर्ष भारतबाट करिब १२ अर्ब ९२ करोड रुपैयाँ बराबरको विद्युत् आयात गरिएको ऊर्जा मन्त्रालयले जनाएको छ ।

विगतको तुलनामा पछिल्लो समय नेपालमा भारतबाट विद्युत् आयातको परिमाण क्रमशः घट्दै गएको ऊर्जा मन्त्री दीपक खड्काले बताए । उनले विद्युत् व्यापारमा नेपाललाई प्राप्त भएको यो उपलब्धिले ऊर्जा कूटनीति र आर्थिक समृद्धितर्फको यात्रामा महत्त्वपूर्ण कोशेढुङ्गा साबित भएको उल्लेख गरे । मन्त्री खड्काले नेपाललाई खुद आयातकर्ताबाट खुद निर्यातकर्ता बनेको बताए । विद्युत् निर्यातको यो सञ्जाल भारतमा सीमित नभएर गत वर्ष देखि बंगलादेशसँग भएको त्रिपक्षीय सम्झौताअनुसार नेपालले ४० मेगावाट विद्युत् निर्यात हुँदै आएको छ । बंगलादेशलाई प्रतियुनिट ६.४० अमेरिकी सेन्टमा बिजुली बिक्री हुँदै आएको छ ।

भारत, बङ्गलादेश र नेपालबिचको त्रिपक्षीय सहकार्य, राजनीतिक समझदारी र प्राविधिक तयारी मन्त्री खड्काको संयोजकत्वमा तीव्र गतिमा अगाडि बढाइएको थियो। भारतको एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेडमार्फत बङ्गलादेशसम्म बिजुली पुर्‍याउने रणनीति पनि यो नेतृत्वकै दूरदर्शी पहलको सन्दर्भमा मूल्याङ्कन गर्न सकिन्छ।

वर्षायाममा पानीको बहाव बढ्ने र उत्पादन बढ्ने समयलाई लक्षित गर्दै प्रतिस्पर्धी मूल्यमा भारतीय ऊर्जा बजारमा (डे अहेड र रियल टाइम मार्केट) निर्यात भइरहेको छ। भारतमा एनभीभीएनमार्फत मध्यकालीन सम्झौता आधारमा समेत नियमित आपूर्ति भइरहेको छ।

ऊर्जामन्त्री खड्काले नेपाललाई ऊर्जामा आत्मनिर्भर देश बनाउने मात्र नभई ऊर्जा कूटनीतिको क्षेत्रमा पनि अग्रणी बनाउने दिशामा लैजाने बताए । मन्त्री खड्काले नेपाललाई विद्युत् निर्यातकर्ता देशको रुपमा चिनाउन योगदान दिलाउने यात्रामा प्रत्यक्ष अप्रत्यक्ष सबैको सहयोग रहेको समेत बताए । नेपाललाई ऊर्जाको माध्यमबाटै समृद्ध मुलुक बनाउने यात्रामा एकजुट हुन उनले सबैलाई आह्वान समेत गरे ।


# सूचना ! सूचना !! सूचना !!!

## व्यक्तिगत घटना दर्ता (जन्म, मत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं । बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं । लैगिक हिंसावि(वरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं । सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।
- हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं । सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
- पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं । चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा घर बाहिर जानै परे आगो निभाएर मात्रै जाउँ ।
- चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि १० लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।
- वैदेशीक रोजगारीमा जानै परे सिप सिकेर मात्रै जाउँ । घर, गाउँ तथा नगरलाई स्वच्छ, सफा र हराभरा बनाउन सहयोग पुऱ्याई सभ्य समाजको निर्माणमा जुटौं ।
- धुम्रपान तथा सूर्तिसेवनको प्रयोग नगर्ने । धुम्रपान गर्ने ब्यक्तिलाई हृदयघातको खतरा लगभग ३ गुणा बढी हुन्छ । धुम्रपान तथा सुर्तिसेवन त्यागेकै दिन देखि हृदयघातको सम्भावना घट्दै जान्छ युवावस्था देखि नै धुम्रपान गर्ने ब्यक्तिलाई हृदयघातको खतरा अत्यन्त धेरै हन्छ ।

## विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कायार्लय
काठमाडौं, बागमती प्रदेश, नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

टोखा नगरपालिका



# भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

नेपालमा हालसम्म विकास गरिएका धेरैजसो सिंचाइ योजनाहरुमा मझौला तथा साना नदीहरुको पानी उपयोग गरिएका र वर्षात्मा थप पानी उपलब्ध गराउने (Monsoon Supplement Irrigation System) प्रकृतीका छन् । यी नदीहरुमा सुख्खा समयमा धेरै नै कम पानी हुनेहुनाले आवश्यक मात्रामा पानी उपलब्ध नभएबाट विकसित सिँचाइ प्रणालीहरुमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुन सकिरहेको छैन् । जसले गर्दा कृषि उत्पादनमा उल्लेखनीय वृद्धि नभएको अवस्था छ । नेपालका हिमनदी स्रोत भएका नदीहरुको पानीलाई मझौला नदीहरुमा स्थानान्तरण गर्न सकिएमा विकसित सिंचाइ प्रणालीहरूको पूर्ण रुपमा उपयोग गरी कृषि उत्पादनमा वृद्धि भै मुलुकमा खाद्यान्न संकटको समस्या समाधान गर्न सकिने देखिन्छ । यस्तो प्रयास स्वरुप नै नेपालमा सिंचाइ विभागबाट पहिलो बहुउद्देश्यीय आयोजना 'भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना' को कार्यान्वयन प्रक्रिया तिव्र गतिमा आघि बढाइएको छ । यस आयोजना अन्तर्गत सुर्खेत जिल्लाको भेरीगंगा ननगरपालिकाको चिप्लेस्थित भेरी नदीमा ११४ मीटर लामो ब्यारेजसहित १५८ मीटर डिसेन्डीङ्गबेसिन र टनेल पोर्टलको निर्माण गरिनेछ । साथै ४.२ मीटर व्यास र १२.२ कि. मी. लामो सुरुङमार्फत ४० घनमिटर प्रति सेकेण्ड पानी बबई नदीमा खसालिने छ । करीव १५३ मिटर हेडको उपयोग गर्दै २३.४ मे.वा. क्षमताका दुइवटा ट्र्वाइनबाट ४६.८ मेगावाट विद्युत उत्पादनको क्षमताको विद्युत गृह निर्माण गरी करिव ४०० गिगावाट आवर विद्युत उत्पादन गरिनेछ। आयोजना सम्पन्न भएपछि बबई नदीमा उपलब्ध हुने थप पानीबाट बबई हेडवर्क्सको उपयोग गर्दै बर्दिया र बाँके जिल्लाका करीव ५१,००० हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध हुनेछ । नेपालमा पहिलो पटक Tunnel Boring Machine (TBM) प्रयोग गरी सुरुङ निर्माण गरिएको यो आयोजनाले नेपालमा प्रविधि विकासमा ठूलो फड्को मारेको छ । आयोजना विकासको लागि आयोजना कार्यालय वीरेन्द्रनगर, सुर्खेतमा मिति २०६/०५/०७ मा स्थापना गरी निर्माण कार्य आ.व. २०७१-०७२ मा थालिएको हो । संशोधित समय तालिका अनुसार आर्थिक वर्ष २०८४-०८५ मा सम्पन्न गर्ने लक्ष्य छ ।

## आयोजनाको हाल सम्मको प्रगति

| | |
|---|---|
| आर्थिक वर्ष | : २०८१/०८२ |
| आयोजना शुरु मिति | : २०७१/०७२ (निर्माण शुरु) |
| आयोजना पूरा हुने मिति | : आर्थिक वर्ष २०८४/०८५ |
| यस अवधिको बजेट | : रु. ३११६.४५ (बजेट रु. लाखमा) |
| यस अवधिको खर्च बजेट | : रु. ३६४४.१६ (बजेट रु. लाखमा) |
| यस अवधिको खर्च प्रतिशत | : ११६.९३ प्रतिशत |
| शुरुदेखि यस अवधिसम्मको कुल खर्च प्रतिशत | : ५१.०५ प्रतिशत (कुल लागतको तुलनामा) |

आयोजना प्रमुख रणबहादुर बम

# 'नाडा अटो शो २०२५' संस्करण भदौ ३ देखि, युनिट्री रोबोट र दिपलको उड्ने कार देख्न पाइने




काठमाडौं । आगामी भदौ ३ देखि हुने नाडा अटो शोमा यसपटक युनिट्री रोबोट र दिपल ईभीटीओएल यूएभीको झलक देख्न पाइने भएको छ। आयोजक नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)ले यसको जानकारी दिएको हो। यी दुवै विशेष प्रविधि रहेको नाडाले जनाएको छ। जसअनुसार युनिट्री रोबोटमा स्वचालन र बुद्धिमत्ताको नयाँ युगको प्रतीकस्वरुप उन्नत चारपांग्रे रोबोटहरुका साथै भविष्यको सहरी हवाइ मोबिलिटीको पहिलो झलक देख्न पाइनेछ।

८ गतेसम्म चल्ने शो काठमाडौंको भृकुटीमण्डप प्रदर्शनी स्थलमा आयोजना हुँदै छ। यसको उद्घाटन उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले गर्नेछन्। शोलाई नाडाले नेपालको दिगो, स्मार्ट र भविष्यमुखी मोबिलिटीको प्रतिविम्ब भनेको छ। 'गो फर मोर' भन्ने नारासहित हुने शोले नवीनतम प्रविधि, ग्राहक संलग्नता र अटो क्षेत्रको सम्पूर्ण पारिस्थितिकीय तन्त्रलाई एकै छानामुनि ल्याउने नाडाले अपेक्षा गरेको छ।

शोमा १९ चारपांग्रे ब्रान्डको उपस्थिति रहनेछ भने १३ वटा हलुका व्यावसायिक सवारीसाधन ब्रान्ड पनि आउनेछन्। यसबाहेक ४ दुईपांग्रे ब्रान्ड, ३५ वटा ल्युब्रिकेन्ट, टायर, ब्याट्री, ग्यारेज उपकरण र वित्तीय संस्थाहरुलगायत कम्पनीहरु, १२५ भन्दा बढी प्रदर्शक र १ लाख बढीले अवलोकन गर्ने नाडाको अपेक्षा छ। ३ लाख वर्गफुट क्षेत्रफल र १ लाख ६२ हजार ५ सय वर्गफुट प्रदर्शनी क्षेत्रसहित यो नेपालको अहिलेसम्मकै सबैभन्दा ठूलो अटो शो हुने नाडाले जनाएको छ।

यसका साझेदार संस्थाहरुमा एमएडब्लु वृद्धि (युनिट्री) शीर्ष प्रायोजक रहनेछ भने शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडले सहप्रयोजन गर्नेछ। पावर्डबाईमा क्याम्पाकोला, मोबिलिटी पार्टनरमा यांगो, एक्सक्लुसिभ टिकेटिङ पार्टनर खल्ती बाई आईएमई (भदौ २सम्म अग्रिम टिकटमा २० प्रतिशत क्यासब्याक) र अफिसियल इन्टरनेट पार्टनरमा वर्ल्डलिंक रहनेछ। त्यसैगरी सर्भिलियन्स पार्टनरमा सीसीटीभी नेपाल, फायर सेफ्टी पार्टनरमा हिमालयन सेफ्टी सोलुसन्स प्रालि, हस्पिटल पार्टनरमा किस्ट हस्पिटल, हस्पिटालिटी पार्टनरमा द प्लाजा रहेको छ। यसबाहेक डोर प्राइज नेपाल ल्युब आयल लिमिटेड रहेको छ। यसले १२ विजेतालाई एक वर्षका लागि हरेक सर्भिसमा निःशुल्क ल्युब्रिकेन्ट उपलब्ध गराउनेछ। यसको इभेन्ट म्यानेजमेन्ट ग्लोबल एक्सपोजिसन एन्ड मेनेजमेन्ट सर्भिस प्रालि रहेको छ।

नाडाले सुविधा र सुरक्षा सुनिश्चित गर्ने व्यवस्था समेत मिलाइसकेको जनाएको छ। यसअनुसार चारपांग्रे, दुईपांग्रे, व्यावसायिक सवारी, अटो पार्ट्र्स, वित्तीय सेवाका लागि सुविधाजनक जोन विभाजन गरिएको छ। खल्ती एपमार्फत नै अग्रिम टिकट खरिद गर्न र प्रिबुकिङ गर्न सकिने व्यवस्था गरिएको छ। सञ्चारकर्मीहरुलाई समन्वयको लागि मिडिया डेस्क, महानगरीय ट्राफिक प्रहरी साझेदारीमा ट्राफिक सूचना डेस्क, आपत्कालीन स्वास्थ्य टोली, सुरक्षा निगरानी, आगो नियन्त्रणको व्यवस्था पनि गरिएको नाडाले उल्लेख गरेको छ। यसपटकको शोमा विन्टेज मोटर शो विशेष आकर्षणको रुपमा रहनेछ। जसमा ऐतिहासिक सवारीको प्रदर्शन गरिनेछ। जसमा मोरिस माइनर, फियाट, पुज्यो, बिटल, मिनि कुपर, टोयोटा आरटी, मर्सिडिज बेन्ज, टोयोटा आरटी४०, फक्सवागन बस, टोयोटा कोरोला, माज्दा फेमिलिया र टोयोटा एमआर२ सहभागी हुनेछन्।

त्यसैगरी मेड इन नेपाल पेभिलियन राखिनेछ। जसमा नेपालमै बनेका सवारी र पार्टको प्रदर्शनी गरिनेछ। यसबाहेक इन्टरनेशनल बिजनेस पेभिलियन अर्को आकर्षण हुनेछ। जसमा अन्तर्राष्ट्रिय लगानी र सहकार्य प्रवर्द्धन गर्ने थलो रहनेछ। त्यसैगरी ईभी, स्मार्ट मोबिलिटी र दिगोपनमा केन्द्रित सेमिनार, कार्यशाला र अन्तर्क्रिया पनि गरिनेछन्। अर्को आकर्षणस्वरुप दैनिक भाग्यशाली विजेता घोषणा गरिनेछ। नाडाले अटो शोको १६ संस्करणहरु पूरा गरिसकेको छ।

नाडा अध्यक्ष करण चौधरीले नाडाको ५० वर्ष सजिले नबितेको बताउँदै पूर्वजहरुले कोरेको खाकाबाटै यहाँसम्म आइपुगेको मंगलबार बताए। उनले भने, 'अटो मोबाइलको प्रयायवाची नाडा हो। नाडा भनेको चाड हो। प्रदर्शनी हैन। अटो मोबाईल व्यवसायीको चाड हो । नाडा शोबाट मोबिलिटी भविष्य र टेक्नोलोजीको अनुभव गराउन चाहन्छु।' टेक्नोलोजी, कल्चर र विजनेसलाई मिक्सड गरेर सवारी प्रदर्शनी देखाइने उनले बताए।

# भिसाले नेपालमा खोल्यो कार्यालय, व्यवसाय प्रमुखमा थापा

काठमाडौं । डिजिटल भुक्तानीमा विश्वव्यापी अग्रणी भिसाले काठमाडौंमा आफ्नो नेपाल कार्यालय औपचारिक रूपमा खोलेको छ। भिसाको नेपाल कार्यालयको उद्घाटनले नगदरहित अर्थतन्त्रतर्फको देशको यात्रालाई समर्थन गर्ने कम्पनीको दीर्घकालीन प्रतिबद्धतालाई जोड दिन्छ। यो रणनीतिक कदमले डिजिटल भुक्तानीमा पहुँच फराकिलो पार्ने र उपभोक्ता र व्यापारी दुवैका लागि निर्बाध, सुरक्षित वित्तीय समाधानहरू प्रदान गर्ने लक्ष्य राखेको छ। यसका साथै, भिसाले नेपाल प्रमुखको रूपमा मनोज थापालाई नियुक्त गरेको घोषणा गरेको छ। आफ्नो नयाँ भूमिकामा, थापा स्थानीय साझेदारीलाई सुदृढ पार्ने र देशको आवश्यकताहरू पूरा गर्न सुरक्षित, नवीन डिजिटल भुक्तानी समाधानका कार्यलाई तीव्र पार्ने कुरामा केन्द्रित हुनेछन्। थापाले भिसामा बंगलादेश, नेपाल र भुटानका लागि कन्ट्री म्यानेजर सब्बीर अहमदलाई रिपोर्ट गर्नेछन्।

यस घोषणाको बारेमा टिप्पणी गर्दै भिसाका बंगलादेश, नेपाल र भुटानका कन्ट्री म्यानेजर सब्बीर अहमदले भने, "हामी काठमाडौंमा एउटा कार्यालयको साथ नेपालमा भिसाको उपस्थिति घोषणा गर्न पाउँदा उत्साहित छौं। भिसाको नेतृत्व टोलीमा मनोजलाई स्वागत गर्न पाउँदा म पनि खुसी छु। उहाँको नियुक्तिले भिसाको जारी प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। एक सुरक्षित र सुलभ डिजिटल भुक्तानी पूर्वाधार निर्माण गर्ने भिसाको विश्वव्यापी दृष्टिकोणलाई रणनीतिक रूपमा अगाडि बढाउनेछ।"

नेपालमा जन्मेका थापा युके र भारतमा भएका शैक्षिक र व्यावसायिक अनुभवहरूले विश्वव्यापी दृष्टिकोण बनाएका छन्। उनी साना र मझौला उद्यमहरूलाई समर्थन गर्न, वित्तीय समावेशीकरणलाई बढावा दिन र दिगो सकारात्मक प्रभाव सिर्जना गर्ने विश्वसनीय सहकार्यहरू निर्माण गर्न प्रविधिको प्रयोग गर्न उत्साहित छन्। यसअघि, उनले फोनपेमा साझेदारी र नवप्रवर्तन प्रमुखको रूपमा काम गरेका थिए, जहाँ उनले सीमापार भुक्तानी पहलहरूको नेतृत्व गरेका थिए र अन्तर्राष्ट्रिय तथा स्थानीय वित्तीय संस्थाहरूसँग प्रभावकारी गठबन्धन बनाएका थिए। त्यसअघि, भारतमा लिभक्विक टेक्नोलोजी प्रा. लि. मा वरिष्ठ व्यवसाय विकास प्रबन्धकको रूपमा, उनले कम्पनीको वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यवसाय विकास प्रयासहरूको सफलतापूर्वक नेतृत्व गरेका थिए।

"नेपालमा डिजिटल भुक्तानी अपनाउने कार्यलाई तीव्रता दिने प्रयासको नेतृत्व गर्न भिसामा सामेल हुन पाउँदा म सम्मानित छु," मनोज थापाले भने। "नवप्रवर्तन र सुरक्षित कारोबार प्रति भिसाको प्रतिबद्धता डिजिटल रूपमा सशक्त नेपाललाई सक्षम बनाउने मेरो आकांक्षासँग मेल खान्छ र म अर्थपूर्ण प्रभाव सिर्जना गर्न तत्पर छु।" भिजा २०० भन्दा बढी देशहरू र क्षेत्रहरूमा उपभोक्ताहरू, व्यापारीहरू, वित्तीय संस्थाहरू, र सरकारी निकायहरू बीचको लेनदेनको सुविधा प्रदान गर्ने डिजिटल भुक्तानीमा विश्व अग्रणी संस्था हो।

